म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक २०३ मंगलबार, २० फागुन २०८१ ने. सं. ११४५ चिल्लाथ्व 4 March 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## भीरबाट लडेर सीतामायाको निधन

हेटौंडा, १९ फागुन/मकवानपुरको राक्सिराङ गाउँपालिकामा घाँस काट्न गएकी एक महिला मृत भेटिएकी छन् । राक्सिराङ गाउँपालिका-६, कोलडाँडाकी ४९ वर्षीया सीतामाया गलान शुक्रबार बिहान ९ बजे घाँस काट्न भनी निस्किएकी थिइन् ।

आइतबार घरदेखि एक किलोमिटर पश्चिमतर्फको सिलिङ्गे सामुदायिक वनमा सीतामाया मृत भेटिएको प्रहरीले जानकारी दिएको छ । सिलिङगे सामुदायिक वनको भिरबाट तल खसेर सीतामाया मृतअवस्थामा भेटिएको ख़बर प्राप्त भएपछि प्रहरी खटिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ । प्रहरीले घटनाको अनुसन्धान गरिरहेको जनाएको छ ।

### प्रजिअ श्रेष्ठलाई नारायणी यातायात व्यवसायी संघको स्वागत

# विधिपूर्वक काममा प्रशासनको सधैं साथ रहन्छः प्रजिअ श्रेष्ठ

साझाकुरा संवाददाता




हेटौंडा, १९ फागुन/ हेटौंडामा मुख्य कार्यालय रहेको नारायणी यातायात व्यवसायी संघले सोमबार मकवानपुरकी प्रमुख जिल्ला अधिकारी स्किम श्रेष्ठलाई स्वागत गरेको छ ।

प्रमुख जिल्ला अधिकारीका रुपमा सरुवाभई आएकी श्रेष्ठलाई संघले सोमबार एक औपचारिक कार्यक्रम गरी स्वागत तथा सम्मान गरेको हो । संघका अध्यक्ष हीरालाल श्रेष्ठ, महासचिव सरोज खनाल, निवर्तमान अध्यक्ष बद्री चौलागाईलगायतले स्वागत गरेका हुन् । कार्यक्रममा अध्यक्ष श्रेष्ठले संघले गर्दै आएको गतिविधिबारे जानकारी गराएका थिए ।

यातायात व्यवसायीको वर्तमान समस्याका बारेमा समेत कार्यक्रममा छलफल भएको थियो । प्रमुख जिल्ला अधिकारीको हैसियतबाट गर्न सक्ने यातायात व्यवसायीको समस्यालाई समाधान गर्नेतर्फ अध्यक्ष श्रेष्ठले प्रमुख जिल्ला अधिकारी श्रेष्ठलाई ध्यानाकर्षण गराएका थिए । अध्यक्ष श्रेष्ठले समाजप्रतिको दायित्व आफूहरुले नबिर्सेको बताए । 'हामीले हेटौंडा क्याम्पस, मकवानपुर बहुमुखी क्याम्पसको शैक्षिक सुधारको लागि पनि धेरै काम गरेको छौं' अध्यक्ष श्रेष्ठ भने 'व्यवसायसँगै संघले सामाजिकक्षेत्रमा पनि धेरै काम गर्दै आएको छ ।'

सर्वोच्च अदालतको आदेश अनुसार नै प्रमुख जिल्ला अधिकारीको मार्गदर्शनभित्र रहेर आफूहरु चल्न तयार रहेको अध्यक्ष श्रेष्ठले बताए । 'हामीले हाम्रै जिल्लाको सिडियो पाएका छौं, उहाँ हाम्रो गहना हो, त्यसैले उहाँको मागदर्शनमा रहेर नै हामी हाम्रो कामलाई अगाडि बढाउँछौं' अध्यक्ष श्रेष्ठले भने । कार्यक्रममा अध्यक्ष श्रेष्ठले प्रमुख जिल्ला अधिकारी कार्यकालको पूर्ण सफलताको शुभकामना समेत दिए ।

प्रमुख जिल्ला अधिकारी श्रेष्ठले यातायात क्षेत्र व्यवस्थित नहुँदासम्म शान्तिसुरक्षा कायम गर्न नसक्ने बताइन् । 'शान्तिसुरक्षा र अमनचयनको कुरा गरिरहँदा यातायातक्षेत्र व्यवस्थित हुनुपर्छ' उनले भनिन् 'नेपाल सरकारलाई धेरै कर तिर्ने संस्था भएकोले आर्थिक समृद्धिमा पनि यहाँहरुको भूमिका महत्वपूर्ण छ ।' नीतिगत रुपमा देखिएका केही जटिलतालाई समाधान गर्न जरुरी भएको उनको भनाई छ ।

बद्लिदो परिस्थित अनुसार समस्याको समाधान पनि निस्कँदै जाने भएकोले आफ्नो काममा जिम्मेवार ढंगले अघि बढ्न उनले आग्रह गरिन् । प्रमुख जिल्ला अधिकारी श्रेष्ठले यातायातक्षेत्रमा देखिएको बेथितिलाई सुधार गर्न यातायात व्यवसायी स्वयम् लाग्नुपर्नेमा जोड दिइन् । 'यातायातक्षेत्रमा धेरै बेथिति, विकृति भएको कुरा तपाई, हामी सबैलाई थाहा छ, त्यसलाई अन्त्य गर्न तपाईहरु जिम्मेवार बन्नुपर्छ' उनले भनिन् ।

एकअर्कासँग समन्वय गरी अगाडि बढ्दा मकवानपुर जिल्लालाई सुशासनयुक्त जिल्ला बनाउन सकिने उनको भनाई छ । प्रमुख जिल्ला अधिकारी श्रेष्ठले नीति र विधि अनुसार हुने काममा प्रशासनको सधैं साथ रहने समेत प्रतिबद्धता व्यक्त गरिन् । कार्यक्रममा संघका महासचिव खनालले प्रमुख जिल्ला अधिकारीलाई विगतदेखि नै गरिने स्वागत तथा सम्मानको निरन्तरता अनुसार कार्यक्रम गरिएको बताए ।

महासचिव खनालले आफूहरु सधै जिल्ला प्रशासनको साथमा रहको बताएका छन् । विगतमा भुकम्प, कोरोना महामारी, बाढीपहिरोको समयमा संघले सर्वसाधारण जनताको लागि उल्लेख्य काम गरेको बताएका छन् । गत असोजमा सिस्नेरीको बाढीपीडितको आफूहरुले प्रशासनसँग मिलेर काम गरेको उनले बताए ।

यसैगरी संघका निवर्तमान अध्यक्ष चौलागाईले संघको मातहात रहेका सवारी साधनहरु नियम र विधिमा रहेर चल्ने बताएका छन् । मालबाहक र यात्रुबाहक क्षेत्रमा फरकफरक समस्या रहेको निवर्तमान अधयक्ष चौलागाईले बताए । स्वागत तथा सम्मान कार्यक्रममा संघका पदाधिकारी तथा सदस्यहरुको पनि सहभागिता रहेको थियो ।

# 'राज्यले सञ्चारक्षेत्रलाई अंकुश लगाउन खोज्यो'



साझाकुरा संवाददाता

हेटौंडा, १९ फागुन/ सञ्चार रजिष्टारको जिम्मेवारी भित्रका काम, कर्तव्य प्रभावकारी बनाउन आवश्यक रहेको सञ्चार कर्मीले बताएका छन् ।

सोमबार सञ्चार रजिष्टार कार्यालय बागमती प्रदेशको आयोजनामा भएको सरोकारवाला निकायबीचको छलफलमा सञ्चार जगतलाई व्यवस्थित एवम् मर्यादित बनाउन सञ्चार रजिष्टार कार्यालयले प्रभावकारी भूमिका खेल्नुपर्नेमा सरोकारवालाले जोड दिएका हुन् । कार्यक्रममा पत्रकार महासंघ बागमती प्रदेशका निवर्तमान अध्यक्ष शिव देवकोटाले राज्यबाट नै सञ्चार क्षेत्रलाई अंकुश लगाउने काम भएको बताएका छन् ।

नियमनको नाममा सरकारले सञ्चार क्षेत्रलाई नियन्त्रित गर्न खोजेको उनको बुझाई छ । अभिव्यक्ति स्वतन्त्रता तथा सञ्चार एवम् सूचनाको हक संरक्षण र सम्बर्द्धनमा रजिष्ट्रार कार्यालयले साचेअनुरुप कार्य गर्न नसकेको उनले बताए । सञ्चार रजिष्टारको पछिल्लो गतिविधिले औचित्य माथि नै प्रश्न उठेको उनको भनाई छ । यसैगरी महासंघका प्रदेश उपाध्यक्ष विमला पाण्डेले महिला सञ्चारकर्मी पलायन हुँदै गएकोमा चिन्ता व्यक्त गरिन् । महिलालाई सञ्चारक्षेत्रमा स्थापित गराउने खालका योजना आवश्यक रहेकोमा उनको जोड थियो ।

महासंघ बागमति प्रदेश अध्यक्ष कृष्ण सारु मगरले पत्रकारको हकहित स्थापित गर्न पत्रकार महासंघ र सञ्चार रजिष्टारको कार्यालयबीच समन्वय र सहकार्य आवश्यक रहेको बताएका छन् । विगतमा सञ्चार रजिष्टारसँग सोचे अनुरुपको समन्वय हुन नसके पनि आगामी दिन आवश्यक समन्वय गरेर पत्रकारको हकहितमा लाग्ने प्रतिबद्धता व्यक्त गरेका छन् । पत्रकार महासंघ मकवानपुर शाखाले प्रदेश समितिलाई स्वागत सम्मान एवम् बधाई ज्ञापन गरेको थियो ।

# राक्सिराङका प्रमुख प्रशासकीय अधिकृत गर्तौलाको सरुवा

साझाकुरा संवाददाता

हेटौंडा, १९ फागुन/ मकवानपुर राक्सिराङ गाउँपालिका प्रमुख प्रशासकीयअधिकृत देवचन्द्र गर्तौलाको सरुवा भएको छ । राक्सिराङमा पदमबहादुर बस्नेत प्रमुख प्रशासकीय अधिकृतको रुपमा सरुवा भई आएका छन् ।

अधिकृत गर्तौलाको गृह मन्त्रालयमा सरुवा भएको हो । नयाँ प्रमुख प्रशासकीयअधिकृत बस्नेत खाँडादेवी गाउँपालिकाबाट सरुवा भई आएका हुन् । १९ फागुनमा एक समारोहबीच गर्तौलाललाई विदाई र बस्नेतलाई स्वागत गरिएको छ । कार्यक्रममा गाउँपालिका प्रमुख राजकुमार मल्ल तथा कर्मचारी लगायतको सहभागिता रहेको थियो ।

# द इन्फेरियर ब्यान्डको 'अझै पनि' सार्वजनिक



साझाकुरा संवाददाता

हेटौंडा, १९ फागुन/ हेटौंडाका युवा संगीतकर्मीको टिमले निर्माण गरेको म्युजिक भिडियो 'अझै पनि' सोमबार सार्वजनिक गरिएको छ ।

हेटौंडाको नारायणी मलमा रहेको एनएस सिनेमा हलमा आयोजित समारोहमा यो भिडियो सार्वजनिक गरिएको हो । द इन्फेरियर ब्यान्डले निर्माण गरेको पहिलो म्युजिक भिडियो 'अझै पनि' मा सन्ध्या आचार्य, बालकलाकार अमीक्षा घतानी र राजन थापाले अभिनय गरेका छन् । गीतको शब्द र संगीत स्वयम् इन्फेरियर ब्यान्डले तयार पारेको हो ।

ब्यान्डका म्यानेजर सञ्जीवसिंह वाइबाका अनुसार, यसअघि ब्यान्डले नौ वटा म्युजिक भिडियो निर्माण गरिसकेको छ । 'अझै पनि' ब्यान्डको पहिलो आधिकारिक म्युजिक भिडियो हो । संगीतप्रेमीका लागि भिडियोलाई इन्फेरियर ब्यान्डको आधिकारिक युट्युब च्यानलमार्फत सार्वजनिक गरिएको छ । गीतको भिडियोमा प्रेम, बिछोड र सम्झनाको भाव बोकेको छ ।

गायन जीवनमा आईपर्ने उतारचढाव म्युजिक भिडियोमा कथाको रुपमा देख्न सकिन्छ । सामाजिक पारिवारिक भिडियोले संगीत क्षेत्रमै भिज्ने युवा गायकको कथा बोलेको छ । शब्द, संगीत, अभिनय र छायांकनको उत्कृष्ट संयोजनले यो म्युजिक भिडियो दर्शक र श्रोताको मनजित्न सफल हुने अपेक्षा गरिएको छ ।

कार्यक्रममा वरिष्ठ संगीतकार एवम् गायक लाल श्रेष्ठको प्रमुख आतिथ्य रहेको थियो । गायक टुल्कुबहादुर लामा, बाबु क्षेत्री, बड्स ब्यान्डका गायक विजय कार्की, अभिनेता, नायक अमिर गौतमलगायत नेपाली सांगीतिक क्षेत्रमा मकवानपुरबाट प्रतिनिधित्व गर्नेहरुको सहभागिता रहेको थियो । भिडियो सार्वजनिक पछि दर्शकको राम्रो प्रतिक्रिया मिलेको ब्यान्डका म्यानेजर सञ्जीव सिंहले बताए ।

हेटौडामा पहिलोपटक प्रिमियम सोमार्फत भिडियो सार्वजनिक गर्ने परम्परालाई म्युजिक भिडियो 'अझै पनि' ले सुखद सुरुवात गरेकोमा संगीतकर्मीले यसको प्रशंसा गरेका छन् । म्युजिक भिडियालाई सुमन तामाङले एरेन्ज गरेका छन् भने डियोपी मनोज घतानी, छाँयाकन र सम्पादन मनिस श्रेष्ठ, सहायक छाँयाकन समुल झ्लोन, बिटिएस जय खड्गीको रहेका छन् ।

# आज माझी समुदायलाई बिदा

साझाकुरा संवाददाता

हेटौंडा, १९ फागुन/ बागमती प्रदेश सरकारले माझी समुदायको लदी पर्वका दिन मंगलबार सार्वजनिक बिदा दिएको छ ।

फागुन ९ मा बसेको मन्त्रिपरिषद्को बैठकले प्रत्येक वर्षको फागुन २० गते मनाइने लदी पर्वमा माझी समुदायका लागि मात्र सार्वजनिक बिदा दिने निर्णय गरेको हो । यसैगरी मकवानपुरको बकैया गाउँपालिकाले पनि आइतबार सूचना जारी गर्दै बिदाबारे जानकारी गराएको छ । मंगलबार गाउँ कार्यपालिकाको कार्यालय, गाउँ कार्यपालिका अन्तर्गतका वडा कार्यालय, स्वास्थ्य संस्था तथा शैक्षिक संस्थामा स्थानीय बिदा दिने निर्णय गरिएको प्रमुख प्रशासकीय अधिकृत महेश श्रेष्ठले जानकारी दिए ।

बकैयामा माझी समुदायको ५ हजार ७ सय २० रहेको छ । २०७८ सालको जनगणना अनुसार मुलकुमा माझी समुदायको जनसंख्या एक लाख ११ हजार ३ सय ४२ रहेको छ । बागमती प्रदेशमा ४१ हजार ६ सय ७१ माझी छन् । प्रदेशमध्ये सबैभन्दा धेरै माझीको बसोबास बागमतीमा छ । मकवानपुरमा माझीको जनसंख्या ११ हजार ५ सय ३८ रहेको छ ।

बागमतीको मकवानपुर, चितवन, सिन्धुली, दोलखा, दोलखा र धादिङमा माझी समुदायको बसोबास छ । मकवानपुरको पूर्वीक्षेत्रमा पर्ने बकैया र बागमती गाउँपालिकाका विभिन्न भागमा माझी समुदायको बाक्लो वस्ती छ । नेपाल माझी उत्थान संघ केन्द्रीय समितिले माझीको महत्वपूर्ण चाड लदीपर्व बकैया-६ जुइनामा मनाउने भएको छ । यो पर्वमा नजिकका नदीखोलामा गएर पूजा गर्ने गरिन्छ । संघले लदीपर्वलाई राष्ट्रिय चाडकारुपमा घोषणा गरेको संघका महासचिव बबिन्द्रलाल माझीले बताए ।

# ट्रकको ठक्करबाट एकजनाको मृत्यु, एक घन्टा राजमार्ग अवरुद्ध

साझाकुरा संवाददाता

हेटौंडा, १९ फागुन/ मकवानपुरको मनहरीमा ट्रकको ठक्करबाट एकजनाको मृत्यु भएको छ । मनहरी गाउँपालिका-७ मनहरी पुलनजिक चितवनबाट हेटौंडा आउँदै गरेको ना १६ प ३१८१ नम्बरको मोटरसाइकललाई सोही दिशातर्फ आउँदै गरेको ना ६ ख ४०५५ नं. को ट्रकले ठक्कर दिएको थियो ।

दुर्घटनामा मोटरसाइकल पछाडि बसेका चितवन रत्ननगर नगरपालिका-१६ पिठुवा बस्ने वर्ष ५६ का निमबहादुर थापाको मृत्यु भएको थियो । टाउकोमा गम्भीर चोट लागेका थापाको मनहरी अस्पतालमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । मृतकका आफन्तले ट्रक चालकमाथि कारवाही र उचित क्षतिपूर्तिको माग राख्दै जिल्ला प्रहरी कार्यालय अगाडि प्रदर्शनका साथै एकघन्टा पूर्व-पश्चिम राजमार्ग अवरुद्ध गरेका थिए ।

दिउँसो ३ बजेदेखि ४ बजेसम्म मृत्तकका आफन्तले राजमार्ग अवरुद्ध बनाएका थिए । मृतक थापाको शव पोष्टमार्टमका लागि हेटौंडा अस्पतालमा राखिएको छ । मोटर साइकल चालक रामजी गौतमको चितवनमा उपचार जारी छ ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# राप्तीखोलाको पानी तराइमा

संघीय सरकारको खानेपानी मन्त्रालयले मधेश प्रदेशमा पानीको संकट समाधान गर्न हेटौंडाको राप्तीखोलको पानी दुधौराखोलामा मिसाउन पूर्व-सम्भाव्यता अध्ययन थालेको छ । यो परियोजनाको सम्भाब्यता देखिएको खण्डमा हेटौंडा भएर बग्ने राप्तीनदीको पानी मधेशको दुधौरामा झारिने छ । राप्तीलाई हेटौंडाबाट डाइभर्सन गरी बाराको दुधौरा पुऱ्याइने योजना छ । यसबाट बारा र पर्सामा खानेपानीको आवश्यकता परिपूर्ति हुने खानेपानी मन्त्रालयले जनाएको छ । मन्त्रालय अर्न्तगतको खानेपानी तथा ढल व्यवस्थापन विभागले गत फागुन २ गते सार्वजनिक सूचनामार्फत् पूर्व-सम्भाव्यता अध्ययनका लागि आशयपत्र आह्वान गरेको थियो । हटौंडास्थित पूर्व-पश्चिम राजमार्गभन्दा दक्षिण राप्ती बगरबाट करिब १२ किलोमिटरमा पर्ने दुधौरा नदीको स्रोत रहेकै ठाउँमा पानी खसाल्ने योजना बनाइएको छ । आर्थिक वर्ष २०७७/७८ को नीति तथा कार्यक्रममा मधेश प्रदेश सरकारले राप्ती-दुधौरा डाइभर्सनको पूर्व-सम्भाव्यता अध्ययनको योजना राखेको थियो । प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालयको नेतृत्वमा २०७७ फागुन २३ मा विभिन्न पार्टीका प्रदेशसभा सदस्य र सरकारी प्राविधिक टोलीले स्थलगत अवलोकन पनि गरेको थियो । त्यसयता योजना कार्यान्वयनको थप प्रक्रिया अगाडि बढ्न सकेको थिएन ।

चुरेक्षेत्रलाई पानीको उद्गमस्थल र तराईलाई अन्नको भण्डार मानिन्छ । तर, पछिल्लो समय मध्यतराईका जिल्ला पर्सा, बारा र रौतहटको उत्तरी भेगमा पर्ने चुरेफेदका प्राय: बस्तीमा खानेपानीको अभाव बढ्दो छ । सिँचाइको संकटसमेत प्रत्येक वर्ष थपिँदैछ । प्रस्तावित राप्ती-दुधौरा डाइभर्सन परियोजना प्राविधिक, आर्थिक, सामाजिक र वातावरणीय आधारमा उपयुक्त हुनसक्छ वा सक्दैन भन्ने पूर्व-सम्भाव्यता अध्ययन गर्न लागिएको मन्त्रालयले जानकारी दिएको छ । यो महत्वपूर्ण योजनाको परिकल्पना हो जस्तो लागेको छ, यसलाई अगाडि बढाउन अध्ययनबाट पनि यसको साम्भाव्यता देखिनुपऱ्यो । परियोजनाका लागि प्रारम्भिक औपचारिक पाइला हो पूर्व-सम्भाव्यता अध्ययन । मकवानपुरकै उत्तरीभेगमा महाभारत पर्वतश्रृंखला राप्ती, सामरी खोलाको पानीका स्रोत हुन् । यो खोला बागमती प्रदेशको राजधानी हेटौंडाको उत्तर-पश्चिम भएर बग्छ । मकवानपुरबाट चितवनतिर बढ्दै जाँदा यसमा मनहरी र लोथरका साथै चुरेक्षेत्रबाट निस्किने अन्य साना खहरे मिसिन्छन् । हेटौंडामा कर्रा र हेटौंडा नजिक भैंसे, सामरीलगायत खोला मिसिन्छन् । राप्तीनदी चितवन राष्ट्रिय निकुञ्ज हुँदै नारायणीको संगम अर्थात गोलाघाटमा गएर मिसिन्छ । यो नदी निकुञ्जभित्र पानीको प्रमुख स्रोत हो । नदीको ५८ प्रतिशत हिस्सा चितवनमा र ४२ प्रतिशत मकवानपुरमा छ । यस नदीको आधारक्षेत्र कुल ३ हजार २२२ वर्ग किलोमिटर रहेको सन् २००१ मा केशवराज अधिकारीले गरेको अध्ययनले देखाएको छ । गोलाघाटमा गएर नारायणीमा मिसिने राप्ती नेपालको अन्तिम नदी हो । त्यसपछि नारायणी नवलपरासीको सुस्ता हुँदै भारततिर जान्छ । मनहरी र लोथरजस्ता नदी र अन्य खोला खोल्साहरु यसमा मिसिनुअगाडि हेटौंडा नजिकबाटै राप्तीलाई डाइभर्सन गर्ने योजना सरकारले बनाएको छ ।

चुरियामाई क्षेत्रमा दुधौरा नदीका उद्गम खोल्साहरु छन् । यसपालि संघीय सरकारको खानेपानी मन्त्री प्रदीप यादवको बिशेष चासोमा प्रक्रिया अगाडि बढाइएको मन्त्रालयले जनाएको छ । पर्सा राष्ट्रिय निकुञ्जमा पर्याप्त पानी नहुँदा जनावरका लागि पनि खानेपानीको समस्या भएको निकुञ्जका अधिकारीहरु बताउँछन् । सुख्खामौसममा ट्याङकरबाट पानी बोकर निकुञ्जको जंगलमा रहेको पोखरीमा भर्ने र जनावरको प्यास मेटाउने गरिएको छ । नदी, जलाशय, कुवा र हाते धाराहरु सुक्दै गएपछि यहाँ खानेपानीको संकट चुलिँदै गएको हो । चुरेक्षेत्रको पारिस्थितिक प्रणाली बिथोलिएपछि अहिले मध्यतराईमा सुख्खाको समस्या बढेको छ । यस क्षेत्रका नदीको पुनर्उत्थान र भूमिगत पानीको स्रोत जोगाउन बर्षौं समय र ठूलो आर्थिक लगानी आवश्यक पर्छ, त्यो पुनर्स्थापित हुन वा नहुन पनि सक्ने खानेपानी मन्त्री यादव भन्छन्, 'खासगरी बारा र पर्सामा खानेपानीको अभाव बढ्दै गएको हुनाले यो क्षेत्रको समस्या टार्नु राज्यको दायित्व हो । त्यसका लागि राप्ती-दुधौरा डाइभर्सन आशालाग्दो विकल्प हो । यो परियोजना दुई प्रदेशमा पर्ने भएपनि प्रदेशबीच विवादको सम्भावना छैन । पानीको स्रोत (मुहान) संघीय सरकारको मातहत रहने भनिएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ फागुन २१ गते बुधबार ५ मार्च २०२५ । षष्ठी, फागुन शुक्लपक्ष । चिल्लाथ्व ११४५ ने.सं. । सूर्योदय ६:२६, सूर्यास्त ६:०६ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : विद्यार्थीका लागि लाभदायक | **तुला** | : दिन राम्रोसँग बित्नेछ |
| **वृष** | : सम्मानित काम हुनेछ | **वृश्चिक** | : चोट लाग्ने सम्भावना देखिन्छ |
| **मिथुन** | : धार्मिक काममा रुचि बढ्नेछ | **धनु** | : चिन्ता, भय र आशंका बढ्नेछ |
| **कर्कट** | : काममा एकरुपता आउनेछ | **मकर** | : सन्तोष र प्रतिष्ठा मिल्नेछ |
| **सिंह** | : यात्राबाट लाभ हुनेछ | **कुम्भ** | : काममा प्रगति हुनेछ |
| **कन्या** | : धनको समस्या पार लाग्नेछ | **मीन** | : व्यापारमा लाभ हुनेछ |

# त्रिविमा मेरिटोक्रेसीको प्रश्न



✍ सुदर्शन रिजाल

त्रिभुवन विश्व विद्यालयका उपकुलपति प्रा.डा. धर्मकान्त बास्कोटाको कार्यकाल सकिएपछि केही महिना विश्व विद्यालय निमित्त कुलपतिको भरमा सञ्चालन भयो । समयको माग र नयाँ राजनीतिक परिस्थितिले उपकुलपति छनोटमा तुलनात्मक रुपमा सुधारात्मक पद्धतिको सुरुवात गरियो । यद्यपि उपकुलपति छनोट समिति गठनमै चलखेल भएका कुराहरु चर्चामा आए । उपकुलपति छनोटको मापदण्ड बनाउने कुरामै पनि चलखेल भए । तर पनि उपकुलपति छनोटमा सुधारात्मक मापदण्ड बन्यो । मापदण्ड सार्वजनिक भयो ।

मापदण्डका सकारात्मक नकारात्मक पक्षाका बारेमा बहसहरु भए । अझै पनि भइरहेका छन् । विगतमा आफू अनुकुलको सर्च कमिटी बनाएर सर्च कमिटीले नाम सिफारिस गर्ने परम्पराको अन्त्य भयो । उपकलुपति हुन चाहनेहरू कम्तीमा भिजन पेपर लेख्नुपर्ने कानुनी बाध्यताको दायरामा आए । कुलपति हुन चाहनेहरुले आफ्नो कार्यकालमा विश्व विद्यालय सुधार योजना प्रस्तुत गर्न बाध्य भए । प्रधानमन्त्री अर्थात कुलपति निकट हुँ भन्दैमा भिजन पेपर नलेखी उपकुलपति बन्ने परम्पराको अन्त्य भयो । विगतदेखि नै प्रधानमन्त्रीले आफू निकटको आस्थाका व्यक्तिलाई उपकुलपति नियुक्त गर्छन भन्ने आम विश्वासका कारण फरक आस्थाका योग्य धेरै प्राध्यापक डाक्टरहरुले उपकुलपतिमा आवेदन नै दिएनन् । तथापि नयाँ मापदण्डले एउटै आस्था संगठनभित्र पनि प्रतिष्पर्धा गर्ने नयाँ परम्पराको सुरुआत भयो ।

फरक आस्थाका क्षमतावानहरू समेत प्रतिष्पर्धामा आएर विश्व विद्यालय सुधारका योजनाहरु प्रस्तुत गरे । आफूले गरेका कामहरू डकुमेन्टेशन गर्नुपर्दोरहेछ भन्ने कुराको महसुस आम प्राज्ञिक वर्गमा भयो । विद्यावारिधी, अनुसन्धान कार्य र अनुसन्धान लेखनलाई महत्वपूर्ण हो भन्ने कुरा महसुस सर्बत्र भइरहेको छ । यद्यपि यो सबै ठाँउका प्रशासनिक पदहरुमा पनि आवश्यक हो होइन भन्ने अर्को कोणबाट विमर्शको सुरु पनि भइरहेको छ । मूलधारका मिडियामार्फत बाहिर आएको सूचना अनुसार मेरिटोक्रेसीमा दुई नम्बरमा हुनुभएका प्रा.डा. केशरजंग बराल उपकुलपति छनोट भई कार्यरत हुनुहुन्छ । उपकुलपति पछिका पदाधिकारी र सावधिक पदहरुको चयनमा कार्यविधिहरु निर्माण भए । रेक्टर र रजिष्ट्रार छनोटमा संगठनको सिफारिसका व्यक्तिहरू परेनन् । कार्यविधिको मापदण्डमा टेकेर फरक-फरक आस्था नजिक भएका रेक्टर र रजिष्ट्रार नियुक्त भए ।

एकातिर भिसीले आफू अनुकुलका प्रा.डा.हरू रेक्टर र रजिष्ट्रार छनोट गरे भन्ने चर्चाहरू भइरहेका छन् भने अर्कोतिर क्षमता भएकाहरू प्रतिष्पर्धाबाट आए भन्ने चर्चा पनि चलिरहेको छ । नयाँ प्रक्रियाबाट आएका भिसी, रेक्टर र रजिष्ट्रार लगायतका पदाधिकारीहरुले विश्व विद्यालय सुधारमा केही पारदर्शी प्रयत्नहरू गर्दैछन भन्ने चर्चा चलिरहेको छ । हिजोको दिनमा संघ-संगठन हावी हुने परम्परा क्रमश: घट्दो अवस्थामा देखिन थालेको छ ।

नयाँ पदाधिकारीहरुहरुले डीन, निर्देशकहरू, सहायक डीन, विभाग प्रमुख, परीक्षा नियन्त्रक, सह-परीक्षा नियन्त्रक, क्याम्पस प्रमुख, सहायक क्याम्पस प्रमुखहरू लगायतका सावधिक पदहरुमा नियुक्तिका लागि नयाँ मापदण्ड बनाए । सावधिक पदमा नियुक्तिको आधार र मापदण्ड सम्बन्धी विनियम २०८१ बनेर कार्यान्वनमा आएको छ । यद्यपि विनियम बन्ने बेला समितिले सरोकारवालासँग प्रयाप्त छलफल नगरी सावधिक पदसँग मेल नखाने विषयमा धेरै नम्बर राख्ने प्रावधानले विनियममा तत्कालै सुधार गर्नुपर्ने अवस्था सिर्जना भएको छ ।

उदाहरणका लागि सावधिक पदमा प्राध्यापक र सह-प्राध्यापकका लागि छुट्टै अंक सुरक्षित नगरिनु, रिडर र प्राध्यापक बढुवामा राखिएको एम फिल उपाधिवापतको केही अंक सावधिक पदमा नराखिनु, प्रसासनिक पदका लागि प्रशासनिक अनुभवलाई बढी अंक राख्नु पर्नेमा अन्तर्राष्ट्रिय जर्नलमा लेख प्रकाशन गरेको कुरालाई धेरै अंक राखिनु, क्याम्पस प्रमुखका लागि सहायक क्याम्पस प्रमुखको अनुभवको अंक कम र क्याम्पसका विषयगत विभाग प्रमुखको अनुभवको अंक बढी राख्नु, आदी विषयले विनियममा तत्काल संशोधन गरी त्रुटि सच्चाउनु पर्ने देखिन्छ । अन्यथा विनियममा नभएको प्रावधान अनुसार पनि गर्न नसकिने अनि पदाधिकारीले प्राध्यापकलाई नबनाई सह-प्राध्यापक बनाए । सह-प्राध्यापकलाई नबनाई उप-प्राध्यापकलाई बनाए भन्ने जस्ता गलत भाष्य निर्माण गरी मापदण्ड नै फेल गराउने र सुधार का प्रयत्नमा नै बाधा पर्ने देखिन्छ ।

विगतको परम्परा विपरीत सावधिक पदमा नियुक्तिको आधार र मापदण्डसम्बन्धी विनियम २०८१ कार्यान्वनयमा आइसकेको छ । सोही अनुसार सह-परीक्षा नियन्त्रकहरू, डीन र दुई दर्जन बढी क्याम्पस प्रमुखहरू र सहायक डीनहरु नियुक्त भइसकेका छन् । यस्ले विगतको भागबन्डाको परम्परालाई केही हदसम्म तोडेको छ । यस बीचमा संघसंगठनहरु सावधिक पदहरू आफ्नो संघ संगठनको पक्षमा पार्न गरेका प्रयत्नहरु असफल हुन थालेका छन् । चाहेका पद नपाएको र नचाहेका पद संघ संगठन नजिकका साथीले पाएको अवस्था छ । अब बिस्तारै यसलाई आफ्नै क्षमताले/सावधिक पदमा नियुक्तिको आधार र विनियमले पाएको रुपमा व्याख्या गर्न थालिएको छ । यो सँगसँगै सावधिक पदका प्रतिष्पर्धीहरुले सावधिक पदमा नियुक्तिका आधार र प्रतिष्पर्धीहरुले प्राप्त गरेको प्राप्तांक सेवा आयोगले जस्तै सार्वजनिक गर्नुपर्ने आवाजहरु उठ्न थालेको छ ।

सबैभन्दा पारदर्शिता सावधिक पद छनोट समितिको गठनमा खोजिएको छ । सावधिक पद छनोट गर्ने योग्य व्यक्तिहरु को-को हुन सक्छन् ? सार्वजनिक सूचना जारी गरेर उनीहरुको रोष्टर तयार गरिनु पर्दछ । सोही रोष्टरमा रहेका व्यक्तिहरुबाट चिठ्ठा विधिबाट छनोट समिति गठन गर्ने विधि अपनाइएमा त्यो विधि तुलनात्मक रुपमा निष्पक्ष मानिन्छ । पछिल्ला दिनमा छनोट समिति गठन गर्दा फरक-फरक आस्थाका ३ प्राध्यापक वा सह-प्राध्यापक बनाइएको छ । यस्ले एकातिर संघ-संगठनलाइ नै जिम्मा दिएर पदाधिकारीहरु उम्कन खोजेको जस्तो टिकाटिप्पणी हुन थालेको छ । अर्कोतिर एकलौटी हुने कुरामा रोक पनि लगाएको छ । पदाधिकारीहरुले डीन र क्याम्पस प्रमुखहरुको नियुक्ति गर्दा समितिले सिफारिस गरेका ३ जनामध्ये कतै कतै ३ नरुम्बर र २ नम्बरमा रहेकालाई पनि सिफारिस गरे भन्ने चर्चा भइरहेका छन् ।

मेरिटोक्रेसी नै लागू गर्ने हो भने ३ जनाको सिफारिस किन जरुरी पऱ्यो भन्ने अर्को प्रश्न ज्वलन्त उठेको छ । मेरिटोक्रेसीमा १ नरुम्बरमा परेको नाम स्वत सिफारिस र २ नम्बरलाई एक वर्षसम्मका लागि वैकल्पिकको अवसर दिने विधि झनै पारदर्शी हो भन्ने कुरामा किन बुझ पचाई गर्ने ? अनि छनोट समितिले १, २ र ३ नम्बर भनेर सिफारिस गऱ्यो भने पदाधिकारीले फेरी २ र ३ नम्बर छान्ने किन ? यो बिषय पनि बहसका माध्यमबाट निष्कर्षमा पुग्ने विषय बन्नुपर्छ । यसै मेसोमा महेन्द्र बहुमुखी क्याम्पस दाङको प्रमुख पदको प्रतिष्पर्धामा म आफैं प्रतिष्पर्धी भएर मेरिटोक्रेसीको प्रत्यक्ष अनुभव गर्ने मौका पाएँ । सावधिक पदमा नियुक्तिको आधार र मापदण्ड सम्बन्धी विनियम २०८१ बन्दाको बेला एम फिलका नम्बर नराखिएको र प्रशासनिक अनुभवमा कम अंक राखिएका कारण निर्णय मेरो पक्षमा हुन सकेन् ।

तथापरि विनियम बमोजिम मेरिटोक्रेसीको पालना भएको महसुस गरेको छु । दाङ क्याम्पससँगै डडेल्धुरा क्याम्पसको प्रमुख छनोटमा पनि मेरिटोक्रेसीले काम गरी १ नंरुम्बरमा आउनु पर्ने सर नै १ नम्बरमा आउनुभएको छ । त्यो त्यहाँका राजनीतिक नेताको पहलमा नभई उहाँहरुको व्यक्तिगत क्षमता र विनियममा भएको मूल्याङ्कनका आधारका कारण भएको हो भन्ने मेरो बुझाइ रहेको छ । विनियममा भएका प्रावधानले कतै विद्यावारिधि गरेका अनुसन्धानमा लाग्नुपर्ने जनसक्तिको अनुभवलाई प्रशासनिक झमेलामा अल्झाउने त होइन भन्ने प्रश्न उठ्न सक्छ । प्रश्नहरु उठाइन थालेका पनि छन् । यसै बहानामा विनियम नै त्रुटिपूर्ण रहेछ भन्ने भाष्य निर्माण नहोस । विनियम बमोजिम सावधिक पदमा छनोट भएकाहरुले आफूमा भएको एकेडेमिक क्षमतालाई प्रशासनिक क्षेत्रमा समेत प्रदर्शन गर्न सक्नुपर्छ । जुन आगामी दिनले देखाउने नै छ ।

मेरिटोक्रेसीबाट सावधिक पदमा छनोट भएकाहरुले फेरि राजनीतिक भागबन्डालाई बढावा दिने हो भने न त त्रिविले गति लिन सक्छ न त उहाँहरुको एकेडेमिक क्षमता नै प्रदर्शन हुन सक्छ । सञ्चार जगतले पनि सावधिक पदहरुमा आफ्नै क्षमतामा अब्बल सावित भएकाहरुलाई कुनै आस्थासँग नजिक भएको आधारमा फलानो क्याम्पस फलानो पार्टीले पायो भन्ने गलत सूचना सम्प्रेषण नगर्नु हुन मेरो विनम्र अनुरोध छ ।

त्रिभुवन विश्व विद्यालयलाई झण्डै दुई दशकदेखि आफैं यसको अंग भएर नजिकबाट नियालिरहेको छु । यो अनुभवले मैले भन्नै पर्छ कि त्रिभुवन विश्व बिद्यालयले समग्र प्रणालीमै सुधार खोजेको छ । संस्कारमा सुधार खोजेको छ । विश्व विद्यालयको सुधारका प्रयत्नहरु भएका पनि छन् । समयमा परीक्षाका नतिजाहरु निस्कन थालेका छन् । शैक्षिक क्यालेण्डर अनुसार काम भइरहेको छ । तर यहाँ धेरै राजनीति हुने गरेको आरोपकाबीच यहाँका सकारात्मक पक्षहरु ओझेलमा परिरहेका छन् । नकारात्मक कुराले मिडियामा धेरै स्थान पाएका छन् । यस विश्व विद्यालयमा राजनीतिलाई कम गर्ने प्रयास भइरहेको छ भन्ने फरक कोणबाट सञ्चार जगतले यससँग सम्बन्धित विषयलाई गहिराइमा गएर उठाउनु जरुरी छ ।

पत्रकारिता तथा आम-सञ्चार विभाग र यस विभागमै अध्ययन गरेका धेरै पत्रकार साथीहरू हुनुहुन्छ । विश्वविद्यालय सञ्चार जगतको सहज पहुँचमा छ । त्रिभुवन विश्व विद्यालय र यसले अवलम्बन गरेका नीतिहरुलाई आम विद्यार्थी र यसका सरोकारवालाहरु बीच सही सूचना पुऱ्याउन आवश्यक छ । यसले लिएका नीतिहरु गलत भएमा आलोचनात्मक चेतले खबरदारी गर्ने छुट हामी सबैलाई छ । विश्वविद्यालय र यस्ले लिने नीतिलाई सही बाटोमा डोऱ्याउन सरकार तथा सरकारमा रहने राजनीतिक दलहरुबाट विश्वविद्यालयमा प्रत्यक्ष वा अप्रत्यक्ष गरिने हस्तक्षेपलाई कम गरिनु पर्छ ।

विश्वविद्यालयलाई स्वायत्त विश्व विद्यालयको मार्गमा अघि बढाउन सरकार र राजनीतिक दलहरु पनि त्यत्तिकै संवेदनशील हुन जरुरी छ । त्यो बाटोमा प्रेरित गर्न हाम्रा कलम, आवाज र दृश्यहरुले काम गरुन् । त्रिभुवन विश्वविद्यालय सुधारका लागि सबैभन्दा यस विश्वविद्यालयसँग प्रत्यक्ष जोडिएका प्राध्यापक, शिक्षक र यहाँ अध्ययनरत विद्यार्थी तथा अविभावकहरू सुधिनु आवश्यक छ । प्राध्यापकले तोकेको समयमा प्राध्यापन गर्नु र कर्मचारीले तोकेको समयमा आफ्नो जिम्मेवारी पूरा गरेमात्र पनि विश्व विद्यालयमा धेरै सुधार भइहाल्ने स्थिति छ ।

शिक्षक कर्मचारीको पेसागत हितका खातिर विद्यार्थीलाई प्रयोग गरेर तालाबन्दी गरिनु, विद्यार्थीले आफ्नो विद्यार्थीका हितभन्दा ठेक्कापट्टामा ध्यान दिनु र आंशिक करार शिक्षकले हामीलाई स्वत: स्थायी गर्नुपर्ने माग गर्नु आदि पक्ष विश्वविद्यालयका बाधक पक्षाका रुपमा देखिएका छन् । त्रिवि सेवा आयोगले वार्षिक रुपमा रिक्त प्राध्यापक कर्मचारीको दरबन्दी पूर्ति गर्ने वातावरणका लागि त्रिवि कार्यकारी र सिनेटले पूर्ण सहयोग गर्न आवश्यक छ । भिजन पेपरसहित विश्वविद्यालयको पदाधिकारी तथा सावधिक पदको जिम्मेवारीमा आएकाहरुले माथिका कुरामा ध्यान दिन सके विश्वविद्यालय सुधारले गति लिने निश्चित छ ।

*(साभार: अनलाइनखबर)*

# मौलाएको विकृति र ओइलाएको संस्कृति

✍ अच्युतप्रसाद पौडेल "चिन्तन"

लोकतन्त्र, गणतन्त्र र संघीयताको आगमनसँगै भारी मात्रामा विकृति पनि मौलाएको आभास भएको छ । यसले नेपाली संस्कृतिमा प्रहार भएको त छ नै, आयातीत संस्कृतिले समेत प्रश्रय पाएको छ । दिवसहरु धेरै छन्, कर्मकाण्डी मात्र, सुशासनको नारा घन्काइरहने देशले भ्रष्टाचार धेरै सहेको छ । तीन कुरामा देश अब्बल छ- भ्रष्टाचार, विप्रेषण र प्रदूषणमा । हालै ट्रान्सपरेन्सी इन्टरनेसनलले सार्वजनिक गरेको देशको सुशासन रिपोर्टमा भ्रष्टाचारको अब्बल देश भनी बताइयो । हरेक वर्ष प्रदूषणमा अब्बल हुने सिंगो मुलुक यी पङ्क्ति तयार गरिरहँदा सातौं भएको छ । युवा निर्यात गर्दै वस्तु आयात गर्ने देश हामी अब्बलमै गनिएका छौं एक नम्बरमै ।

मेलम्चीले बबरमहल बगायो, सिनित्तै पाऱ्यो, यसअघि बालाजुलगायत क्षेत्रलाई यसैले बगाएको थियो, कमलादीको सडक भ्वाङलाई बल्ल टालेको छ लोकतन्त्रले । हाम्रो पूर्वाधार कति कमजोर छ भन्ने कुरो दिवस मनाइरहने प्रजातन्त्रलाई थाहा छैन, किनकि प्रजातन्त्रको बढुवा भएर लोकतन्त्र अनि यसको पनि बढुवा भएर गणतन्त्र र गणतन्त्रको पनि बढुवा भएर अब संघीयता लागू छ देशमा तर हरेक विषयका दिवस भने मानेकै अवस्था छ । फागुन सात प्रजातन्त्र दिवस मनाउन राजनीतिकर्मीहरु खटेर लागे । लोकतन्त्र, गणतन्त्र अनि संविधान दिवस गनेर भ्याइँदेन देशमा । अदालतले नमान्नू भनेर भनेको दिवस पनि मानिएको छ, फागुन १ मा । माओवादीले जितेका धेरै पालिकाहरुमा सार्वजनिक बिदा ! सर्वोच्चमा मुद्दा गयो, अन्तरिम आदेश पनि भइहाल्यो तर बिदा रोकिएन, कस्तो संस्कृति हुर्केको छ हाम्रो ।

राष्ट्रिय गौरवका आयोजनाहरु कहिल्यै पूरा नहुने, लागत र म्याद थप भइरहने संस्कृतिले राजनीतिकर्मीहरुसँग ठेकेदारी मिलेमतो छैन भन्न सकिएन । त्यो कुरो त ट्रान्सपरेन्सी इन्टरनेसनलले संसारकै भ्रष्ट देशको सूचीमा राखेकैले स्पष्ट हुन्छ । हुम्लाको सदरमुकाम सिमिकोट विमानस्थलको ट्याक्सी मार्ग एप्रोन निर्माण सम्पन्न गरी हस्तान्तरण नहुँदै मेलम्चीले बबरमहल क्षतविक्षत पारेझैँ क्षतविक्षत पारेको देखियो । हाम्रो लोकतान्त्रिक संरचनाहरु, संयन्त्रहरुमा समन्वय छैन, एकले अर्कोसँग टसमस गर्दैनन् । खानेपानी मन्त्रालय सिंहदरबारमै आगलागी भएछ, सिंहदर बारको नाकैमा सडक फुटेको, सार्वजनिक यातायात ठप्प भएको देखियो भने जिल्ला अदालतले काम रोकिएको विज्ञप्ति प्रकाशित गरेको छ । बालमन्दिर जग्गा काण्ड ढिसमिस हुने गरी सरकारले नै मुद्दा अघि नसार्ने भन्दै गर्दा बालेनको स्टाटस आएको छ- 'सरी नानु, तिम्रा पीडकका विरुद्धमा मुद्दा नचल्ने बनाएछ, सरकारले, नआत्तिनू, समय आउनेछ ।' फेरि बालेनको अर्को स्टाटस छ- बोल्न दे सरकार ।

साँच्चै सिंहदरबारलाई बालेनको लौरो त घाँडो नै भएको छ । सुकुम्बासी थापाथलीको केस होस् वा बन्चरे डाँडाको फोहोर विसर्जन केस होस् अथवा अवैध संरचनाहरु भत्काउने वा कपनखोला खन्ने केस होस्, अथवा न्युरोडको पैदल मार्ग बनाउने वा धरहरा पार्किङ वा अरु धेरै विषय सिंहदरबारलाई असह्य भएको छ, जात मिलेन, भात मिलेन । सँगै मार्सी भात खुवाउने दुर्गाको खोइरो खन्ने बालुवाटारले पटक-पटक दुर्गालाई कस्टडीको आदेश झारेको छ ।

पङ्क्ति तयार गरिरहँदा दमकको आफ्नै आडमा दुर्गाले विशाल भीडसहित बालुवाटारको खेदो खनेको सह्य भएको छैन । अत: रविलाई भित्तोमा पुऱ्याएझैँ बालेन दुर्गाहरुको अचार पनि लिलाम गर्नेसम्मको हर्कत सिंहदरबार वा बालुवाटारले नगर्ला भन्न सकिन्न । महान्यायाधिवक्ताको कार्यालय होस् वा जिल्लाभरिका सरकारी वकिल कार्यालयहरु, दलहरुको इशारामा सञ्चालित भएनन् भन्न मुस्किल छ ।

चितवनका न्यायाधिवक्ता एकै घण्टामा सरुवा भई अर्को पठाउन सकिने तर अधिकांश पालिकाहरुमा जी हजुर गर्दा पनि प्रमुख प्रशासकीय पदहरु पूर्ति गर्न नसक्ने हाम्रो लोकतन्त्र सबैको स्याबासीको पात्र भएको छ । र, हरेक दिवसहरुमा सरकारी खर्चमा दीपावली भइरहेको छ । खाँटी नेपालीहरु त आधाआधी विदेशिएका छन्, मलेसिया, खाडीमा जीवन सञ्चालन ठीक भन्दै छन्, उडेका छन्, जिउन नसके बाकसमै भए पनि घाटमा फर्कने गरेका छन् ।

पिकनिकको बहाना गर्दै बस खाल्डोमा झारेर स्कुले बालबच्चाहरुलाई रामनाम सत्य गराउने शैक्षिक संयन्त्रहरु छन् हाम्रा, लोकतन्त्रले छुट दिएको छ, सवारी इजाजत सक्कली नहुने, २० वर्ष नाघिसकेका थोत्रा र सस्ता सवारीहरु चलाइरहनुपर्ने, बाटाघाटाहरु असारे, डोजरे र माटो छोप्ने कमसल हुने र हालै साँखुमा भएको दर्दनाक बच्चा मार्ने घटना यो पहिलो नभएको स्पष्टै छ । पङ्क्ति तयार गरिरहँदा अर्को संस्कृति विकृति पनि उजागर गर्नुपरेको छ, अमुक स्कुलकी स्टाफले भान्छामा पन्यु तताएर विद्यार्थीको गालामा डामिछन्, कस्तो शैक्षिक संस्था छ हाम्रो, लुट्न सकेसम्म शैक्षिक संस्थाहरुले विद्यार्थी र अभिभावकहरुसँग लुटिरहेका छन् । स्थानीय पालिकाहरुले यसमा आँखा चिम्लेका छन् ।

पालिकाको संयन्त्र विद्यालय र प्लस टुका अरु संस्थाहरुमा खादा, माला सम्मान लिन गइरहन्छ । वडा अध्यक्ष सुको पढेको नहोस्, ऊ मञ्चमा प्रमुख अतिथि बन्छ र भाषण गर्छ- विद्यालयले शिक्षाको सुधार गर्नुपर्छ । विज्ञहरु तल बसी खित्का छोडेर हाँस्नुपरेको छ । सहकारीहरु पनि त्यस्तै भए, जब सहकारी पालिकाहरुतिर गयो इदं भ्रष्टं, उदं भ्रष्टं, भ्रष्टै भ्रष्ट जतातत‌ै भयो । लोकतन्त्रमा अध्यादेशको बाढी आएको छ । अध्यादेश संसद्मा पेसै गर्न नसकेको अवस्था छ, खासगरी भूमिसम्बन्धी अध्यादेशमा सरकार चलखेल गर्ने भयो भनेर ।

सात दशकअघिदेखिको भूमिसम्बन्धी विषयहरुलाई अल्झाइरहने, मौका आउनासाथ स्टलमेन्टमा काम गर्ने, आफ्नालाई पोस्ने हाम्रो राजनीतिक संस्कृति छ । संसद्को १५ दिने कार्यसूचीमा यो अध्यादेश परेको छैन रे । बालुवाटारको कथन छ, पेस गर्ने बेला भएको छैन, समय आएपछि पेस हुन्छ, पास पनि हुन्छ, किनकि बहुमत छ । संसद् प्रतिपक्षीको भन्ने मान्यता यहाँ छैन, सभामुख नै उदाहरण छन् ।

१८० देशको अध्ययन गरिरहँदा डेनमार्क लगातार ७ वर्षदेखि सुशासनमा अब्बल, हामी भने दक्षिण सुडानजस्तो ८ अंक पाएर पहिलो हुने । सोमालिया र भेनेजुयला यस्तै-यस्तै छन्, हामीले राम्रोको उदाहरण कसरी दिनु र हामीभन्दा भुटान पो राम्रो छ त । ऊ दक्षिण एसियामै सबैभन्दा कम भ्रष्टाचार गर्ने मुलुकमा दर्ज भएको छ । छिमेकी भारत अनि माल्दिभ्स पनि कम भ्रष्टाचारको सूचीमा छन् । नेपालले १०० अंकमा ३४ पाएर विश्वको १०७ औँ देश भएको छ, सन् २०२४ को आँकडा भर्खरै ट्रान्सपरेन्सीले निकालेकोमा । देशमा विकास भएन, सुशासन भएन, भ्रष्टाचार बढ्यो भनेर ०६२।०६३ पछि देशको राजनीतिक संयन्त्रलाई व्यापक फेरबदल गरियो, देशमा अब विकासले फड्को मार्छ पनि भनियो तर जे देखिँदै छ, कारुणिक छ, वेदनायुक्त छ, पश्चात्तापको भुँवरीमा फसेको अनुभव हुँदै छ ।

पाल्नै नसक्ने संयन्त्र बोकेर नेपाली आमा रुँदै छिन् भन्दा हुन्छ, खाडीबाट लास आउँदा दिनदहाडै हत्या, लुट, बलात्कार, हिंसा, दुर्घटना, सामाजिक संरचना र संस्कृति खल्बलिएको देख्दा । पाथीभराको लडाइँ धनीहरुको जमात, गरिबहरु ताडनामा पर्नुपर्ने, कर वृद्धि तिर्नै नसकिने, टोल-टोलमा टोल सुधार भन्दै पालिकाहरुले लिने राजस्वभन्दा बढी खिप्ने गरेकाले आम उपभोक्ताहरु बढी मारमा परेका छन् । घरका धाराहरुमा पानी छैन, बिल मात्रै छ, काठमाडौँमा बल्ल हिउँदमा आएको पानी वाग्मतीमा खेर फाल्नुपरेको अवस्थाले हाम्रो सरकारी संयन्त्र पूरै निकम्मा भएको स्पष्ट हुन्छ ।

सरकारले बिमा गरेको भन्छ स्वास्थ्यमा, अति कठिन छ, त्यो सुविधा लिन । र, दिइने औषधिमा छुट्टै मार्किङ गर्न थालेछ, इन्स्टिच्युसनल सप्लाइ ओन्ली भनेर । किन रे भन्दा, औषधि पसलमा बिक्रीमा लगे रे विमितले । यति पनि विश्वास नभएको हाम्रो संस्कृति छ बिरामीप्रति । अस्पतालकै कर्मचारी भन्छन्- यो टेन्डरमा आएको हो, क्वालिटी त खोइ ! बिमितहरुलाई दोस्रो क्लासको दर्जामा राखेर औषधि बिक्री गरिएको छ, गुणस्तर परीक्षण गरिएको छैन भने यो सिधै कालोबजार हुन्छ । हेक्का रहोस्, यो अक्षम्य हुन्छ, सबै सम्बद्ध पक्षको, खेलबाड गर्ने विषय होइन यो, किन छुट्टै क्याटागोरी गर्नुपरेको, दुरुपयोग कसैबाट हुन्छ भने त्यसमा अनुगमन पो गर्ने त ।

*(साभार: न्यूज अफ नेपाल)*

# यी हुन् निजामती विधेयकमा टुंगिनुपर्ने १४ विषय




काठमाडौं/संसदीय उपसमितिले संघीय निजामती सेवा विधेयकमा टुंग्याउनुपर्ने विभिन्न १४ वटा विषयहरू पहिचान गरेको छ । राज्य व्यवस्था तथा सुशासन समिति अन्तर्गतको उपसमितिले नीतिगत रुपमा टुंगिनुपर्ने विषय पहिचान गरेर छलफल अघि बढाएको छ । उपससमितिको संयोजकमा नेपाली कांग्रेसका सांसद दिलेन्द्र प्रसाद बडू छन् । गत ९ फागुनमा गठित बडु नेतृत्वको संसदीय उपसमितिले नीतिगत रुपमा टुंगिनुपर्ने विषय पहिचान गरेर सरोकारवालाहरूसँग छलफल अघि बढाएको हो ।

उपसमितिमा सांसदहरू अशोककुमार राई, ईश्वरीदेवी न्यौपाने, चन्दा कार्की भण्डारी, प्रकाश अधिकारी, बुद्धिमान तामाङ, रघुजी पन्त, राजेन्द्र पाण्डे, लिलानाथ श्रेष्ठ, सर्वेन्द्रनाथ शुक्ला र हितराज पाण्डे सदस्य छन् । उपसमितिलाई एक महिनाको समय दिइएको छ ।

**श्रेणी कि तह ?**

संयोजक बडुका अनुसार पहिलो नीतिगत विषय हो- तहगत प्रणाली कि श्रेणी ? 'संघीय निजामती सेवालाई तहगत प्रणालीमा लैजाने कि भनेर कुरा भइराखेको थियो । सरकारको प्रस्ताव आउँदा दुवै किसिमले आयो । तर अस्पष्ट ढंगले आयो,' बडूले भने । उनका अनुसार कहाँ-कहाँ श्रेणी रहन्छन् र कहाँ-कहाँ तह रहन्छन् भन्नेमा सरकारी प्रस्ताव समेत प्रष्ट छैन ।

प्रदेश र स्थानीय तहको कर्मचारीमा तहगत प्रणाली लागू भइसकेको बताउँदै प्रदेश र स्थानीय तहको अन्तरसम्बन्ध संघसँग हुने भएकाले संघीय सेवा पनि मूलत: तहगतमा जानुपर्ने उनले बताए । यसो गर्दा सरुवा बढुवा लगायतका कार्यमा सहज हुने अपेक्षा उपसमितिले राखेको छ । तर, संविधानमा केही विषयहरू श्रेणीमा उल्लेख भएर रहेको छ । यसकारण संविधानको बाध्यताले कतिपय ठाउँमा श्रेणी नै नरहने गरी सहमतिमा पुगिएको छ ।

'संविधानको बाध्यताले अब हामी संघमा श्रेणी पनि राख्छौं, त्यो श्रेणीभित्र कुन-कुन तह रहन्छ भन्ने स्पष्ट गर्नुपर्ने भयो । यसमा हामी सहमत भयौं,' बडूले भने । अर्थात, संघीय निजामती सेवामा श्रेणी र तह एकसाथ जाने भएको छ । प्रदेश र स्थानीय तहमा भने तह रहनेछ । अन्तरसम्बन्धका लागि श्रेणी भनेको कुन-कुन तह भनेर स्पष्ट गरिनेछ ।

**कहाँसम्म खुला प्रवेश (लेटरल इन्ट्री) ?**

संयोजक बडूका अनुसार खुला प्रतियोगिताको विषयमा छलफल चलिराखेको छ । 'लेटरल इन्ट्री चाहिन्छ कि चाहिँदैन ?,' प्रश्न गर्दै उनले भने, 'सातौं तहमा खुला राखिसक्यौं । राजपत्र अङ्कितमा खर दारमा राखेका छौं । त्यसपछि खुला राख्ने कि नराख्ने कुनै ठाउँमा भन्ने बहस छ ।' सरकारले प्रस्ताव गर्दा उपसचिव र सहसचिवमा नवौं तह र एघारौं तहमा खुला प्रतिस्पर्धा राख्ने भनेको छ ।

उपसचिव र सहसचिवमा खुला राख्ने र कर्मचारीलाई त्यसमा भाग लिन दिने हो भने कर्मचारीहरू पढ्न मात्रै केन्द्रित हुने र सेवा प्रवाहमा असर पर्ने एकथरी मत छ । यसकारण खुला राख्न हुँदैन र 'जुन प्वाइन्टमा इन्ट्री हुन्छ त्यसबाट सबै पदमा प्रमोशनबाट जाने बाटो अवलम्बन गर्नुपर्छ' भन्ने तर्क यो मत राख्नेहरूको छ । तर, अर्कोथरीले सातौं तह र चौथो तहमा प्रवेश गर्न नपाएका कतिपय योग्य मानिसहरू समाजमा हुने मत राख्दै उनीहरूलाई समय-समयमा निजामती सेवामा लिनुपर्छ भन्ने तर्क गर्दै आएका छन् ।

निजामती सेवालाई मेरि टोक्रेसीमा लैजानको लागि खुला प्रतिस्पर्धालाई प्रोत्साहन गर्नुपर्ने मत यो पक्षधरहरूको छ । छलफलको विषय सुनाउँदै संयोजक बडू भन्छन्, 'खुला प्रतिस्पर्धाबाट लिने तर उपसचिव र सहसचिव दुवैमा लिने कि नलिने भन्ने बहस छ । यो विषय एउटा छलफलपछि टुंगिन्छ होला ।'

**प्रदेशको प्रमुख सचिवमा छैन विवाद**

संयोजक बडूका अनुसार प्रदेशको प्रमुख सचिव संघको हुनेमा कुनै विवाद छैन । 'प्रमुख सचिव त्यो संघकै हुन्छ । प्रदेश र संघको बीचको समन्वयकर्ता पनि उहाँ नै हुन्छ,' बडूले भने । यस्तै प्रमुख प्रशासकीय अधिकृत संघकै हुनुपर्छ भन्ने मतमाथि पनि छलफल चलिरहेको छ ।

'स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत संघकै राख्नुपर्छ । संविधानको स्पिरिट यही छ,' छलफलमा रहेको विषय बडू सुनाउँछन्, 'संविधानको धारा २३२ ले तीन वटै तहको अन्तरसम्बन्धलाई परिभाषित गरेको छ । स्पिरिट तीनै तहको सहकारिता हो, सहकार्य हो र समन्वय पनि हो ।'

तर, सिधै संघले प्रमुख प्रशासकीय अधिकृत खटनपटन गर्ने नभएर प्रदेशमार्फत गर्ने प्रस्तावउपर छलफल चलिरहेको छ । 'संविधानको स्पिरिटलाई ध्यानमा राखेर अन्तरसम्बन्ध स्पष्ट हुनेगरी राख्नुपर्छ । तर, यो सबै हामीले प्रदेश मार्फत पठाऔं,' बडूले भने, 'प्रदेशले पाइसकेपछि उसको परि चालन कहाँ कसरी दिने निर्णय गर्ने गरी राखौं भन्ने किसिमको सल्लाह आइराख्या छ । यसलाई एक/दुई छलफलपछि टुंग्याउँछौं ।'

**कहिलेसम्म प्रदेश सचिव संघले पठाउने ?**

प्रदेश सचिवको विषय पनि महत्त्वपूर्ण नीतिगत विषय हो । सरकारले दश वर्षसम्म प्रदेश सचिव संघ सरकारले नै खटाउने प्रस्ताव गरेको छ । संयोजक बडू भन्छन्, 'प्रदेश सचिव बारेमा छलफल भइराखेको छ । सरकारको प्रस्ताव जसरी आएको छ करिब-करिब त्यसरी नै जाने हो कि भन्ने आइरहेको छ । तर, टुंगिएको छैन । छलफल फेरि पनि हुन्छ ।'

उनका अनुसार प्रदेश सचिव प्रदेशकै दरबन्दी हुनेछ । तर प्रदेश सचिवको जनशक्ति प्रदेश निजामती सेवामा तयार नभएको तर्क गर्दै संघबाटै १० वर्षसम्म प्रदेश सचिव पठाइरहने प्रस्ताव छ । कतिपय प्रदेशले एघारौं तहकोलाई सचिव बनाइसकेकाले त्यसको हकमा के गर्ने भन्ने विषय पनि उठेको छ ।

'जनशक्ति तयार नहुँदासम्म पठाउने कुरा छँदैछ त्यसलाई दश वर्षसम्म भन्ने कि सबै हटाउने अथवा कसरी मिलाउने भनेर निर्णयमा पुग्न बाँकी छ,' उनी भन्छन् ।

**अतिरिक्त सचिव पद ब्युँत्याउने ?**

निजामती सेवामा अतिरिक्त सचिवको पद सिर्जना गर्ने कि नगर्ने भन्ने विषय पनि छलफलमा छ । लोक सेवा आयोगले भने अतिरिक्त सचिवको पद ब्युँत्याउन सुझाव दिएको छ । उपसमितिका संयोजक बडूका अनुसार लोक सेवा आयोगका अध्यक्ष माधव रेग्मी सहितका पदाधिकारीले यस्तो सुझाव दिएका हुन् । 'अतिरिक्त सचिव राख्ने कुरा आइराखेको छ । यसको बारेमा पनि छलफल भइराखेको छ । उहाँहरु (लोक सेवा आयोगका अधिकारीहरू) को राय राखने भन्ने छ । हाम्रो छलफल पनि त्यसरी नै गइराखेको छ,' बडूले भने ।

निजामतीमा अतिरिक्त सचिवको पद ब्युँत्याएपछि त्यसको व्यवस्थापन र पदावधिको विषय छलफलमा आएको छ । 'त्यसलाई कहाँ-कहाँ राख्ने कुन-कुन ठाउँमा राख्न आवश्यक हो त्यो पदहरू कहाँ सिर्जना गर्ने भन्ने जस्ता कुराहरु र पदावधि कति राखने भन्ने कुरामा छलफल गरिरहेका छौं,' उनले भने । अर्थात, निजामतीमा अतिरिक्त सचिवको पद ब्युँत्याउन संसदीय उपसमिति सहमत भएको छ । यसलाई मूल समितिले अनुमोदन गरे निजामतीमा राजाकालीन अभ्यास अतिरिक्त सचिवको पद ब्युँतिनेछ ।

अतिरिक्त सचिवको पद कहाँ र कुन ठाउँमा राख्ने, अतिरिक्त सचिवको पदावधि कति वर्ष हुने जस्ता विषय भने टुंगिन बाँकी छ । यो विषयमा नीतिगत रुपमा स्पष्ट भएपछि औपचारिक निर्णय लिइने बडूले जानकारी दिए । तर, यी सबै विषय एक किसिमको नीतिगत स्पष्टता भएर गइसकेपछि फाइनल हुने बडू बताउँछन् ।

**सरुवा र बढुवामा सुधार**

कर्मचारीको सरुवा र बढुवा प्रणालीमा के गर्ने भन्ने विषय अर्को महत्त्वपूर्ण विषय हो । यसलाई पनि संसदीय उपसमितिले नीतिगत रुपमा टुंगिनुपर्ने विषयको रुपमा पहिचान गरेको छ । 'सरुवा र बढुवा र कार्यसम्पादन मूल्यांकनको विषय वस्तुनिष्ठ हुन सकिराखेको छैन । पारदर्शी हुन सकिरहेको छैन,' संयोजक बडू भन्छन्, 'कार्य सम्पादन मुल्यांकनमा सबैलाई सँधै एक सय प्रतिशत दिइरहने हुन्छ । त्यसलाई वस्तुष्ठि बनाउने र पार दर्शी ढंगले त्यसलाई वैज्ञानिक र प्रभावकारी बनाउनेदेखि लिएर सरुवाका विषय छन् ।'

सरुवालाई अनुमानयोग्य र वैज्ञानिक बनाउनुपर्ने मत छ । यो विषयमा औपचारिक प्रस्ताव ल्याउन सरकारलाई संसदीय उपसमितिको आग्रह छ । 'सरुवामा आफ्ना मान्छे र पराय देख्ने कुरा नहोस् । वैज्ञानिक, प्रविधि ऐनमै राख्नेगरी तयार गर्नुस् भन्ने भन्ने भइराखेको छ । यो विषयमा मन्त्रालयले प्रस्ताव लिएर आउला,' बडू थप्छन्, 'यसलाई अनुमानयोग्य र पारदर्शी बनाउने कोसिस गरिराखेका छौं ।'

**अहिलेकै जस्तो ट्रेड युनियन नरहने**

संसदीय उपसमितिमा संयोजक बडूका अनुसार निजामती कर्मचारीमा अहिलेकै जस्तो अवस्थामा ट्रेड युनियन रहने छैन । 'ट्रेड युनियनका सम्बन्धमा अहिलेकै जस्तै होइन, केही सुधारसहित र ाख्दा उपयुक्त हुन्छ भन्ने हो । सुधार के-के हुन सक्दछ यसको विषयमा हामी छलफल गर्छौं,' बडूले भने ।

उनका अनुसार लोक सेवा आयोगले ट्रेड युनियनका विषयमा के गर्ने हो संसदीय समितिले नै निर्णय गरोस् भनेर राय दिएको छ । उनी थप्छन्, 'सुधारको आवश्यकता छ भनेर चाहीँ सबैले भनिराखेका छन् ।' ट्रेड युनियन सम्बन्धी व्यवस्था प्रस्तावित विधेयकको दफा १३१ मा छ । जसले हाल अभ्यासमा भएजस्तै राष्ट्रियस्तर का ट्रेड युनियन रहने व्यवस्थालाई निरन्तरता दिएको छ ।

वि.सं २०६४ सालमा निजामती एनेको दोस्रो संधोधनपछि ट्रेड युनियनले निजामती ऐनमै स्थान पाएको थियो । ऐनको दोस्रो संशोधनलगत्तै विभिन्न आठ वटा राष्ट्रियस्तरका ट्रेड युनियन श्रम विभागमा दर्ता भएका थिए ।

त्यतिबेलादेखि नै राजनीतिक दलसँग आवद्ध रहने गरी ट्रेड युनियन रहने वा नरहनेबारे बहस छ । निजामती सेवा ऐन संशोधन हुने बेलामा यो विषय बढी उठ्ने गरेको छ । २०७५ सालमा प्रतिनिधिसभामा आएको निजामती सेवा विधेयकमाथिको छलफलमा पनि यो विषय पेचिलो बनेको थियो । तर उक्त विधेयक २०७८ साल फागुनमा फिर्ता भयो । प्रतिनिधि सभाको चालु अधिवेशनमा २१ फागुन २०८० मा संसद्मा आएको विधेयकमा पनि ट्रेड युनियनको विषय प्रस्तावित छ ।

ट्रेड युनियनको विषयमा राजनीतिक दलभित्र समेत आन्तरिक छलफल हुने र त्यसआधारमा टुंगो लगाइने संयोजक बडूले जानकारी दिए । आफूहरू ट्रेड युनियन राख्नै नहुने भन्नेमा नरहेको बडूले दोहोर्‍याए । 'हामी राख्नै हुँदैन भन्नेमा होइन । राख्ने तर, राख्दा कसरी राख्ने र सुधार गर्ने भन्ने हो,' उनी भन्छन्, 'अहिलेको विकृतिबाट यस (ट्रेड युनियन)लाई मुक्त गर्नुपर्छ । यसमा सबैको सहमति छ ।'

**कुलिङ पिरियड राख्ने**

निजामती सेवाको सचिव वा सहसचिवस्तरबाट सेवानिवृत्त कर्मचारीलाई 'कुलिङ पिरियड' (अवकाशपछि निश्चित समयसम्म नियुक्ति लिन नपाउने) तोक्ने कि नतोक्ने भन्ने बहसलाई संसदीय उपसमितिले नीतिगत रुपमा स्पष्ट हुनुपर्ने महत्त्वपूर्ण विषयको रुपमा पहिचान गरेको छ ।

संयोजक बडू भन्छन्, 'कुलिङ पिरियड आवश्यकता महसुस भएकै छ । सबै सांसदहरूको पनि छ । लोकसेवाको पनि कुलिङ पिरियड राख्नुपर्छ भन्ने राय छ ।' अवकाशपछि सधैँ खाली रहनुपर्छ भन्ने नरहेको तर, निश्चित अवधिसम्म नियुक्त पाउनबाट रोकिनुपर्छ भन्नेमा सबै सहमत रहेको उनले दोहोर्‍याए ।

प्रस्तावित विधेयकमा सेवा निवृत्त भएको दुई वर्षसम्म पूर्व स्वीकृति नलिई काम गर्न निषेध गरिएको छ । सेवानिवृत्त भएको दुई वर्षसम्म संवैधानिक वा कूटनीतिक नियुक्ति तथा नेपाल सरकारले गर्ने अन्य कुनै नियुक्तिबाहेकको पदमा नियुक्ति लिन नपाउने व्यवस्था प्रस्ताव गरिएको छ । विधेयकअनुसार रिटायर्ड सचिव र ससहचिले पहिलो दुई वर्षसम्म अन्तर सरकारी निकाय वा अन्तर्राष्ट्रिय विकास साझेदार बाहेकका निकायबाट सञ्चालित आयोजनामा कर्मचारी वा परामर्शदाताका रुपमा काम गर्न पाउँदैनन् ।

अवकाश कुने पछिल्लो एक वर्षभित्र बहाल रहेको निकायको कार्यक्षेत्रसँग सम्बन्धकत रहेको संस्था वा त्यस्तो निकायले नियमन गर्ने संसथाको कर्मचारी वा परामर्शदाता भएर काम गर्न पनि रको लगाउन प्रस्ताव गरिएको छ । यस्तो काम गरे ऐन बमोजिम अवकाश प्राप्त कर्मचारीले पाउने सेवा सुविधा लिन नपाउने व्यवस्था प्रस्तावित व्यवस्था छ ।

**कहिलेसम्म आरक्षण ?**

संसदीय समितिले पहिचान गरेको अर्को विषय हो- निजामती सेवामा कहिलेसम्म आरक्षण राखने र एक व्यक्तिलाई कतिपटक आरक्षण सुविधा दिने ? 'आरक्षण एक व्यक्तिलाई एक पटक भन्दा बढी दिनु हुँदैन भन्ने आइराखेको छ । हाम्रो छलफल पनि यसरी नै गइराखेको छ,' बडूले जानकारी दिए ।

लोक सेवा आयोगले समेत एकै व्यक्तिलाई आरक्षणको सुविधा पटक-पटक दिइरहन नहुने सुझाएको छ । 'आरक्षण भनेको विशेष सुविधा नै हो । पछाडि परेको वर्ग, समुदायलाई निजामती सेवामा मौका दिनुपर्छ भन्ने उदेश्यको विशेष व्यवस्था हो,' लोक सेवा आयोगको सुझाव सुनाउँदै बडूले भने, 'आरक्षण कहिलेसम्म दिन सक्दछौं यो पनि बहसको विषय हुन सक्दछ ।'

यसले कति वर्षपछि सबैलाई सक्षम भएको मान्ने र आरक्षणको अवस्था रहँदैन भनेर छलफलमा आउन सक्ने आधार दिएको बडूले बताए । तर, तत्काल आरक्षणको निरन्तरता हुनेमा दुविधा नरहेको उनले बताए । यो विशेष सुविधाको उपभोग एकै व्यक्तिले धेरै पटक नभएर धेरै व्यक्तिले एक पटक पाउनुपर्छ भन्नेमा बहस चलिराखेको छ ।

सम्बन्धित आरक्षण कोटामा दरखास्त नपरे के गर्ने भन्ने विषय पनि उठेको छ । एक पटक दरखास्त नपरे अर्को पटकसम्मका लागि खाली राख्ने कि आरक्षणकै अर्को समूहलाई दिएर आरक्षण कोटा पूर्ती गर्ने भन्ने विषयमाथि बहस चलिराखेको छ ।

*(स्रोत: अनलाइनखबर)*

# 'राजागंज' ट्रेलर : मधेश आन्दोलनको पृष्ठभूमिमा बालक अपहरणको कथा



काठमाडौं/'सेतो सूर्य' र 'हाइवे'बाट अन्तर्राष्ट्रिय ख्याती कमाएका निर्देशक एवं लेखक दीपक रौनियारको नयाँ फिल्म 'राजागंज' (पूजा, सर)को ट्रेलर सार्वजनिक गरिएको छ । सोमबार काठमाडौंमा एक कार्यक्रमका बीच सार्वजनिक ३ मिनेट लम्बाईको ट्रेलरले २०७२ सालमा संविधान जारी भएपछि त्यसको विरोधमा भएको मधेश आन्दोलनलाई केन्द्रमा राखेर फिल्मको कथा भनिएको जानकारी गराउँछ ।

मधेशमा आन्दोलन चर्किरहँदा अपहरणमा परेका सभासद् र विद्यालयकी प्रधानध्यापकका छोरालाई मुक्त गराउन प्रहरीले चालेको खोजी अप्रेसनलाई ट्रेलरमा देखाइएको छ । आन्दोलनका बीच प्रहरीले दुई बालकलाई खोज्न गरेको संघर्ष र त्यस क्रममा आइपर्ने जटिलतामा केन्द्रित रहेको ट्रेलरमा प्रहरीको भूमिकामा रहेकी अभिनेत्री आशा मगराती बढी हावी छिन् ।

कार्यक्रममा निर्देशक रौनियारले 'राजागंज' आफ्नो करिअरकै सबैभन्दा ठूलो फिल्म रहेको बताए । उनले भने, 'मैले यसअघि यति ठूलो फिल्म बनाएको थिइनँ । कलाकारसहित फिल्ममा एक हजार संलग्न थिएँ ।' उनले फिल्मलाई सन् २०१५ को परिवेशमा तयार पारिएको जानकारी दिए । अन्तर्राष्ट्रिय फेस्टिभलहरुमा फिल्म प्रशंसित भएकाले नेपाली दर्शकलाई पनि मनपर्ने उनको विश्वास छ ।

आगामी चैत १ गतेबाट प्रदर्शन हुन लागेको फिल्ममा आशासहित दयाहाङ राई, विजय बराल, ऋचा शर्मा, पशुपति राई, निकिता चाण्डक (पूर्वमिस नेपाल), गौमाया गुरुङ, पुष्पा यादव, आरती मण्डल, घनश्याम मिश्र, परमेश्वर कुमार झा, नीरज श्रेष्ठ लगायतको अभिनय छ । फिल्मले भेनिस, ह्याम्बर्ग, बुसान जस्ता विश्वका प्रतिष्ठित महोत्सवहरु घुमिसकेको छ ।

आदि फिल्मसको तर्फबाट दीपक रौनियार र आशा मगराती, 'कबड्डी' निर्माण कम्पनी बाँसुरी फिल्मसको तर्फबाट रामबाबु गुरुङ तथा तन्हाउसर गेटको तर्फबाट एलन आर मिलिगनले फिल्मको निर्माणमा सहकार्य गरेका छन् । नर्वेजियन सिनेमा इन्स्टिच्युटको सोर्फोन्डबाट आर्थिक सहयोग समेत प्राप्त गरेको फिल्मको कार्यकारी निर्मातामा बलिउड निर्देशक अनुराग कश्यप रहेका छन् ।

# सौरभले 'कर्मा'मा विपिनलाई किन लिए एक्सन भूमिकामा ?



काठमाडौं/अभिनेता विपिन कार्कीको अद्भूत खुबी के छ भने उनी जुनै चरित्रमा पनि प्राण भर्न सक्छन् । चरित्रको गहिराइमा पुगेर अभिनय गर्नु उनको खासियत नै हो । यसैले त दर्शकले उनका फिल्म हेर्दा उनलाई भन्दा पनि उनले निभाएको चरित्रलाई सम्झन्छन् । तर, एक दशक लामो करिअरमा उनले 'हिरोइज्म' देखिने भूमिका गर्न पाएका थिएनन् । नयाँ फिल्म 'कर्मा'ले त्यो पनि पूरा गरेको छ ।

नयाँ वर्षको अवसर पारेर आगामी चैत २९ गतेबाट प्रदर्शनको तयारीमा रहेको फिल्ममा विपिन पहिलो पटक पूर्ण एक्सन भूमिकामा प्रस्तुत भएका छन् । दुई साताअघि सार्वजनिक पोस्टरले पनि फिल्ममा उनको भरपूर एक्सन रहेको संकेत गर्छ । एक्सन भूमिकाका लागि सुगठित शरीर बनाएका उनी फिल्ममा फरक गेटअपमा छन् ।

हालै निर्माण टिमले सार्वजनिक गरेको सेट बाहिरको एक तस्वीरमा विपिन हातमा चुरोट लिएर आकर्षक लुक्समा देखिएका छन् । उनको कपाल छोटो छ । कानको माथिल्लो भागबाट रगत बगिरहेको छ । यो तस्वीर द्वन्द्वको दृश्यपछिको देखिन्छ । छायांकनअघि एक्सनको तालिम र लामो समय जिममा 'वर्कआउट' गरेका उनी सार्वजनिक तस्वीरमा निकै फिट देखिएका छन् ।

'कर्मा'लाई सौरभ चौधरीले निर्देशन गरेका हुन् । यसअघि उनले 'अगस्त्य' निर्देशन गरेका थिए, जुन एक्सनप्रधान थियो । विपिनलाई एक्सन भूमिकामा लिने आँट अरु मेकरले गर्न नसकेको अवस्थामा सौरभले 'कर्मा'मा उनलाई नै किन रोजे भन्ने कौतुहलता धेरैमा देखिन्छ । उनका अनुसार फिल्मको पात्रमा फिट भएकाले नै विपिनलाई लिइएको हो ।

सौरभ भन्छन्, 'हामीले विपिनजीलाई कथाअनुसार नै तयार पारेका छौँ । उहाँले पनि कडा मेहनत गर्नुभएको छ, जुन चाँडै टिजरमा देख्न सकिनेछ । उहाँको 'ट्रान्सफर्मेशन'ले दर्शक सरप्राइज हुनेछन् ।' कथाले मागेको चरित्र निर्माणमा कलाकारलाई पर्याप्त समय दिएर काम गरिएको उनले बताए । 'कर्मा'लाई 'अगस्त्य'भन्दा उत्कृष्ट बनाउने प्रयास गरेको उनको भनाइ छ ।

फिल्ममा विपिनको जोडी बनेर अभिनेत्री उपासना सिंह ठकुरी प्रस्तुत छिन् । उनीहरुको यो पहिलो सहकार्य हो । यसमा अभिनेता मुकुन भुसाल नकारात्मक भूमिकामा छन् । उनी पहिलो पटक यस किसिमको भूमिकामा देखिन लागेका हुन् । दिव्य देवको पनि अभिनय रहेको फिल्मको कथा सौरभ स्वयंको हो । आर्टिस्टिक इन्टरटेनमेन्ट अन्तर्गत वसन्त लम्सालले फिल्म निर्माण गरेका हुन् ।

# तीनवटा गीत बाँकी राख्दै 'हरिबहादुरको जुत्ता' २९ दिनमा प्याकअप

काठमाडौं/आगामी फूलपातीबाट प्रदर्शनमा आउन लागेको फिल्म 'हरिबहादुरको जुत्ता'को तीनवटा गीतबाहेकको छायांकन पूरा भएको छ । गत माघ २१ गते काभ्रेबाट सुरु भएको छायांकन सोमबार २९ दिनमा सकिएको निर्देशक दीपेन्द्र के. खनालले जानकारी दिए ।

इन्डक्ल्यापमा अभिनेता हरिवंश आचार्यको दृश्य खिचिएको थियो । उनले राम्रो टिम भएकाले सहज रुपमा छायांकन सकिएको बताए । उनका अनुसार गीतहरुको छायांकन बैशाखअघि नै गर्ने तयारी भइरहेको छ । उनी फिल्मका लेखक समेत हुन् । उनका छोरा मोहितबंश आचार्य निर्माताको रुपमा छन् । फिल्मका निर्माता सरोज ओली पनि हुन् ।

एसएम मोसन पिक्चर्सको ब्यानरमा निर्माण भएको फिल्ममा हरिवंशसहित प्रकाश सपूत, स्वस्तिमा खड्का, प्रियंका कार्की, हरिहर शर्मा, मुरलीधर, राजाराम पौडेल, किरण केसी, रोशनी सापकोटा, दिव्य देव, तारा शर्मा लगायतको अभिनय छ । कृष्ण बहादुर थापाले फिल्मलाई छायांकन गरेका हुन् ।

दुई दशकअघिको 'मदनबहादुर हरिबहादुर' सिरियलमा हरिवंश आचार्यले निर्वाह गरेको हरि बहादुरको चरित्रबाट फिल्म प्रभावित रहेको जनाइएको छ । हरिबहादुर दर्शकले निकै रुचाएको पात्र हो । हरिवंशले 'हरिबहादुर' नाममा उपन्यास समेत लेखेका छन् ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

# पार्टीपंक्तिकै घेराबन्दीमा प्रचण्ड, सर्वसाधारणका आफ्नै गुनासा

जनकपुरधाम/हुलाकी राजमार्ग केन्द्रित जागरण अभियानका क्रममा नेकपा माओवादी केन्द्रका नेताहरू मधेश प्रदेशका जिल्लामा छन् । झापाको कचनकवलबाट सुरु अभियानको नेतृत्व पार्टी अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले गरिरहेका छन् । केन्द्रीय पदाधिकारी सहित नेताहरुको टोली हिँड्ने कार्यक्रमको सूची भने स्थानीय समितिको संयोजनमा भइरहेको छ ।

विशेषगरी सर्वसाधरणसँग जोडिनेगरी कार्यक्रम तयार पार्न स्थानीय नेताहरूलाई भनिएको छ । तर, पार्टीपंक्तिकै घेराबन्दीमा प्रचण्ड अल्मलिँदा सर्वसाधरणले भने आफ्नो कुरा राखन सकिरहेका छैनन् । जबकि सर्वसाधरणले प्रचण्डसँग थुप्रै गुनासा, माग र सुझावहरू राख्न चाहिरहेका छन् । सिराहाको अर्नामा गाउँपालिका-४, का लक्ष्मण यादवले सरकारी निकायको सेवा प्रवाहमा हुने भ्रष्टाचारबारे कुरा राख्न चाहन्थे । 'नेताहरूले देशलाई भिख माग्ने थाली बनाए, जहाँ जादा पनि घुस माग्ने । मालपोत, नापी जहाँ पनि' उनले प्रचण्डसँग भन्न चाहेका थिए, 'यो रोक्नुपर्छ ।' तर, यस्तो सुझाव उनले दिनै पाएनन् ।

लक्ष्मण यादवकै वडाका बहादुर महराले पनि प्रचण्डसँग गाउँको समस्या राख्न चाहेका थिए । ७५ वर्षीय महरा २०७४ को स्थानीय चुनावमा माओवादी केन्द्रकै तर्फबाट वडाध्यक्षका उम्मेदवार समेत बनेका थिए । तर, प्रचण्डको व्यस्त तालिका हुँदा उनले आफ्ना कुरा राख्नै पाएनन् । सिरहा नगरपालिका-१९, का रामलखने पनि आफ्नो टोलको जीर्ण र साँघुरा बाटोबारे प्रचण्डसँगै समस्या राख्न चाहेका थिए ।

रामलखनकै टोलीकी ७० वर्षीया मुनरी खतविनीले भने प्रचण्डलाई माला लगाएर स्वागत गरिन् । र आफ्नो समस्या सुनाउन पाइन् । उनको समस्या थियो, नागरि कता नपाएको । ७० वर्षसम्म उनीसँग नागरिकता नहुँदा एक्लो छोरा सञ्जीव मण्डल र तीन नातिनातिनाको जन्मदर्ता समेत हुन सकेको छैन । मुनरीका पतिको २५ वर्षअघि नै निधन भइसकेको छ । '६ धुर घडेरी मात्र छ । राम्रो घर छैन । नागरिकता भए छोरा विदेश जान पाउँथ्यो । मैले वृद्ध भत्ता पाउँथे' उनी भन्छिन्, 'नातिनातिना पढ्न पाउथैं । तर अरु जस्तो हामीले केही गर्न सकेका छैनौं ।' प्रचण्डले नागरिकताको समस्या वडाध्यक्षसँग मिलेर समाधान गरिने आश्वासन चाहीँ दिए । अर्का स्थानीय ६० वर्षीया उम्दा यादवले प्रचण्डसँग मिटरब्याजबाट पीडित हुनु परेको समस्या राखिन् । आफ्नो पति रामअवतार ६ महिनादेखि मिटर ब्याजीको फन्दामा परेर जेलमा रहेकाले छुटाइदिन अनुनय गरिन् ।

तर धेरै सर्वसाधरणले आफ्नो कुरा राख्नै पाइरहेका छैनन् । किनकि प्रचण्ड सहित नेताहरू स्थानीय नेताकार्यकर्ताको घेरामा छन् । सर्वसाधरणको काम फूलमालाले स्वागत गर्न बाहेक आफ्ना समस्या अभिव्यक्त गर्न पाउँदैनन् । 'पार्टीकै चिरपरिचित नेताहरू छेकेर बस्छन् । उनीहरूले नै अरुलाई भेटघाट गर्न दिइरहेको हुँदैनन् । त्यसकारण आम पब्लिक र अर्को पार्टीका समर्थकले आफ्नो समस्या राख्न नपाएका हुन् । जति आउनु पर्ने हो कुरा त्यति आइरहेको छैन जस्तो मलाई पनि लागेको छ', केन्द्रीय सदस्य विश्वनाथ साह स्वीकार्छन् । यद्यपि अवसर पाउँदा भने सर्वसाधरणले सुझाव दिइरहेका छन् । सिराहकै गाउँपालिका-५ का रामबाबु यादवले देशभित्रै रोजगारीको वातावरण सृजना गर्नुपर्ने सुझाव दिए ।

*(स्रोत: अनलाइनखबर)*

# चार महिनामा बोरामै ५ सयसम्म घट्यो चामलको भाउ, उपभोक्ता खुसी

काठमाडौं, १९ फागुन/ नेपाली उपभोक्तालाई बजार भाउ बढ्यो भन्दा अचम्म लाग्न छाडेको धेरै भइसक्यो । 'बजार भाउ बढ्नु के नौलो भो र ?' उपभोक्ताको दिमागमा यो 'रेडिमेड' प्रश्न हुनु नौलो पनि भएन । तर, पछिल्लो समय नेपाली उपभोक्ताको बिहान-बेलुकाको भान्सामा अनिवार्य हुने एउटा उपभोग्य वस्तुको भाउ निरन्तर घटिरहेको छ । बरु यो खबरले अब 'बजार भाउ घट्यो' भन्दा चाहिँ उपभोक्ताले अचम्म मान्नुपर्ने स्थिति देखिएको छ ।

'नेपालमा बजार भाउ पनि घट्छ र ?' भन्ने प्रश्न उपभोक्ताले रेडिमेड होइन, बनाएर सोध्नुपर्ने देखिएको हो । पछिल्लो चार महिनायता नेपालमा चामलको भाउ निरन्तर ओरालो लागिरहेको छ । उपभोक्तालाई यो खुसीको खबर हो । किनकि, उपभोक्ताले यस्तो खुसीको खबर धेरै पछि सुन्न पाएका हुन् । दक्षिणी छिमेकी भारतले चामल निर्यातमा लगाएको प्रतिबन्ध हट्नुका साथै नयाँ उत्पादन पनि बजार भित्रिएपछि निरन्तर मूल्य घटेको हो ।

सम्बद्ध व्यवसायीहरूका अनुसार पछिल्लो चार महिनामा चामलको भाउ प्रतिबोरा ५० देखि ५ सय रुपैयाँसम्म घटेको छ । नयाँबानेश्वरमा खाद्यान्न स्टोर सञ्चालन गर्दै आइरहेका मनोज दंगाल अहिले २५ किलोको एक बोरा चामलमा ४ सय रुपैयाँसम्म भाउ घटेको बताउँछन् । दंगालका अनुसार गएको भदौदेखि कात्तिकसम्म चामलको भाउ निकै बढेको थियो । एक बोरा चामल नै २ हजार ७ सय रुपैयाँसम्ममा बेचेको उनी सुनाउँछन् । तर, अहिले त्यही चामल २ हजार २ सयदेखि २ हजार ३ सय रुपैयाँसम्ममा बिक्री भइरहेको छ ।

जिरा मसिनो, सोना मन्सुली लगायत सबै प्रकारका चामलको भाउ बोरामा २ सयदेखि ३ सय रुपैयाँभन्दा बढीले घटेको दंगाल बताउँछन् । अहिले बजार भरि सबै नयाँ चामल भित्रिएको छ । सबै ब्रान्डका चामलको भाउ घटेको दंगाल बताउँछन् । उनका अनुसार चामलको मूल्य पहिलेभन्दा घटेको छ । अहिले मनसुली चामल प्रतिबोरा १ हजार ७ सय रुपैयाँमै पाइन्छ ।



पहिला २ हजार ४ सयदेखि २ हजार ५ सय रुपैयाँसम्म पर्ने जिरा मसिनो चामल अहिले २ हजार १ सयमै बेचेको उनले बताए । पहिले ३ हजार ५ सय पर्ने लङ ग्रेन चामल अहिले घटेर ३ हजार ३ सय रुपैयाँमा किन्न पाइन्छ । उनका अनुसार हाल बजारमा चामल खपत कम भएको छ । 'पहिले महिनाकै ४०/५० बोरा चामल बेचेको थिएँ मैले,' दंगालले संचारकर्मीसँग भने, 'अहिले भाउ घट्दा पनि १०/१५ बोराभन्दा धेरै बेच्न सकिएको छैन ।' नयाँ चामलको भाउ धेरै नबढ्ने भएकाले स्टक (भण्डारण) सक्काउनकै लागि महँगोमा किनेको चामल सस्तोमै बेच्न थालेको उनी बताउँछन् ।

सोमबार बजारमा बेच्न राखिएको चामलको भाउ प्रतिबोरा २ हजार २ सय ५० देखि ३ हजार १ सय ५० रुपैयाँसम्म छ । पर्ल ब्रान्डको चामल नयाँलाई २ हजार २ सय ५० तोकिएको छ भने सोही चामल पुरानोलाई २ हजार ६ सय रुपैयाँ तोकिएको छ । यस्तै एप्पल ब्रान्डको चामलको भाउ १ हजार ८ सय ५०, एप्पल साँवा १ हजार ९ सय, नेवारी बासमती ३ हजार १ सय ५०, गुड लक चामल २ हजार ३ सय रुपैयाँ रहेको छ । यी सबै चामल २५ किलो तौलको हो ।

यसअघि भारतले चामल निर्यातमा लगाउँदै आएको २० प्रतिशत कर कात्तिक पहिलो साता हटाएको थियो । कर हट्नासाथ नेपाली बजारमा चामल आयात चुलिएको हो । चालु आर्थिक वर्ष २०८१/८२ को सात महिनामा २५ अर्ब २९ करोड रुपैयाँ बराबरको चामल आयात भएको भन्सार विभागको तथ्यांकले देखाउँछ । यो आयात गत आवको तुलनामा दोब्बर हो ।

गत आव २०८०/८१ मा १३ अर्ब ५ करोड रुपैयाँ बराबरको चामल आयात भएको थियो । भारतले धान र चामलमा लगाएको भन्सार शुल्क घटाएपछि चामल आयात बढेको भन्सारको तथ्यांकले देखाउँछ । खुद्रा व्यापारीहरूको छाता संगठन नेपाल खुद्रा व्यवसायी महासंघका कोषाध्यक्ष तथा व्यवसायी वसन्त श्रेष्ठ भारतको मूल्यले पनि नेपालको मूल्यमा प्रभाव पर्ने बताउँछन् । भारतबाट नै मूल्य बढेर आउँदा नेपालमा पनि स्वत: मूल्य बढ्ने उनको भनाइ छ ।

'हामीकहाँ व्यापारभन्दा आयात बढी छ, अहिले व्यापार कम छ,' श्रेष्ठ भन्छन्, 'व्यापार नभएपछि व्यापारीले अलिकति मूल्य घटाएर पनि बेच्छन् ।' उनका अनुसार अहिले बजारमा पनि खासै चामल खपत भएको छैन । अहिले व्यापार धेरैतिर बाँडिएको छ । मार्टहरू पनि धेरै नै खुलेका छन्, साना पसलले पनि चामल बेच्न राखेकै हुन्छन् । व्यापार बढेपछि सबैलाई व्यापार पुग्दैन । प्रतिस्पर्धी बजार छ ।

'अहिले धेरै चामल उपभोग गर्ने जनशक्ति पनि विदेशिएको छ, तर आयात भने घटेको छैन,' उनी भन्छन्, 'सामान प्रशस्तै भएपछि मूल्य त त्यसै पनि समायोजन हुन्छ ।' यस्तै नेपाल चामल, तेल, दाल उत्पादक संघका महासचिव दीपककुमार पौड्याल अन्तर्राष्ट्रिय स्तरमा आर्थिक मन्दी भइरहेका कारण भारतबाट चामल बिक्री भएको बताउँछन् ।

'त्यही भएर भारतले नै धान र चामलको मूल्य घटाएर बेचेकाले नेपालमा पनि चामलको भाउ सस्तो पर्न गएको हो,' उनले भने । उनका अनुसार नेपालमा अझै केही महिना चामलको भाउ बढ्ने सम्भावना छैन । गत वर्ष चामलको भाउ ५० प्रतिशतसम्म बढेको थियो ।

**बढ्यो धान उत्पादन**

धान खेतीको उत्पादकत्व बढ्दा नेपालमा धान उत्पादन बढेको छ । चालु आव २०८१/८२ मा गत आवभन्दा ४.०४ प्रतिशतले धान उत्पादन बढेको सरकारी तथ्यांकले देखाउँछ । कृषि तथा पशुपन्छी विकास मन्त्रालयका अनुसार चालु आव धान बालीको कुल उत्पादन ५९ लाख ५५ हजार ४ सय ७६ टन हुने प्रारम्भिक अनुमानले देखाएको छ । गत आव धानको कुल उत्पादन ५७ लाख २४ हजार २ सय ३४ टन थियो ।

गत आव वर्षे धान ५२ लाख ३ हजार ४ सय २६ टन उत्पादन भएकोमा यो वर्ष ५४ लाख ११ हजार ८३ टन पुगेको छ । यस्तै चैते धान ५ लाख २० हजार ८ सय ८ टन उत्पादन भएको थियो भने यो आवमा ५ लाख ४४ हजार ३ सय ९३ टन उत्पादन भएको हो । धान बाली हुने क्षेत्रफलमा कमी आउँदा पनि उत्पादकत्वमा सकारात्मक वृद्धि देखिएको हो । वर्षे र चैते दुवै गरी चालु आव कल १४ लाख २० हजार ६ सय ३६ हेक्टर क्षेत्रफलमा धान लगाइएको अनुमान कायम भएको थियो । जुन गत आवको तुलनामा १.२८ प्रतिशतले कम हो । कृषि मन्त्रालयका अनुसार औसत उत्पादकत्व ४.१९ टन प्रतिहेक्टर पुगेको छ । यो हालसम्मको उच्च बिन्दु हो ।

*(स्रोत: अनलाइनखबर)*

# ५० जना युवालाई कफी बनाउने बारिस्ता तालिम दिँदै



साझाकुरा संवाददाता

हेटौंडा, १९ फागुन/ थाहा नगरपालिकाले युवा लक्षित १५ दिने कफी बनाउने बारिस्ता तालिम दिन सुरु गरेको छ । स्थानीय युवालाई सीपमूलक तालिम दिएर व्यावसायिक बनाउने उद्देश्यले नगरपालिकाको आयोजनामा तालिम सुरु गरिएको हो ।

कफी सबैको प्रिय पेयपदार्थका रुपमा विकास हुँदै गएको र यो व्यवसायतर्फ युवाको आकर्षण बढेकाले तालिम आयोजना गरेको नगरपालिकाले जनाएको छ । तालिमबाट उद्यमशील भई युवालाई स्वरोजगार बन्न सहयोग पुग्ने उद्देश्यले तालिम आयोजना गरिएको थाहा नगरप्रमुख बिष्णु बिष्टले बताए । थाहा-१ ओखरबजारस्थित सयपत्री होटलमा संचालित तालिममा नगरभित्रका ५० जना युवाको सहभागिता रहेको छ ।

सीप सिकेर आफ्नै गाउँघरमा पनि व्यवसाय सञ्चालन गर्न सकिने र वैदेशिक रोजगारीमा जाँदा पनि राम्रो काम पाउन सकिने भएकोले नगरपालिकाको तर्फबाट सीपमूलक तालिम प्रदान गरिएको थाहा नगरका सामाजिक बिकास शाखाप्रमुख अनिल लामिछानेले बताएका छन् । पछिल्लो समय युवासँग सीप नहुँदा बेरोजगार बढ्दै गइरहेको समस्यालाई मध्यनजर गर्दै आधारभूत बारिस्ता तालिम आयोजना गरिएको नगरउपप्रमुख भरत गोपालीले बताए ।

# ४ हजार भन्दा बढीले गरे हस्ताक्षर



साझाकुरा संवाददाता


हेटौंडा, १९ फागुन/ हेटौंडा अस्पताललाई मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानबाट अलग गर्नुपर्ने माग गर्दै चलाइएको हस्ताक्षर संकलन अभियानको समापन भएको छ ।

हेटौंडा अस्पताललाई पूर्णरुपमा सरकारी अस्पतालकै रुपमा सञ्चालन गर्नुपर्ने माग गर्दै हेटौंडा अस्पताल बचाउ तथा सुधार अभियानले ७ दिन अस्पतालपरिसरमा चलाएको नागरिक हस्ताक्षर अभियानको आज सोमबार समापन भएको हो । हेटौंडा अस्पताल जोगाउन चलाइएको हस्ताक्षर अभियानमा ४ हजार भन्दा बढीले हस्ताक्षर गरेर समर्थन जनाएको अभियानका संयोजक विशालराज महतले जानकारी दिएका छन् ।

हेटौंडा अस्पताल र मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानद्वारा अलगस्थानमा अलग पहिचान सहितको आम जनताको पहूँचमा स्वास्थ्यसेवाप्रवाह गर्नुपर्ने, हेटौंडा अस्पतालको ६६ वर्षदेखिको सेवा इतिहासलाई कायम राख्न, संविधान प्रदत्त सेवाप्राप्त गर्न पाउने मौलिकहकको कार्यान्वयन गराउन, स्वास्थ्यसेवा अन्तर्गतका संरचना विवादरहितरुपमा संचालन गर्न, हेटौंडा अस्पतालको स्वामित्व प्रतिष्ठानमा जाने गरी निर्माण गरिएको प्रतिष्ठान ऐन २०७६ खारेज हुनुपर्ने लगायत विषयमा सरोकारवाला निकायलाई दबाब दिने उद्देश्यले नागरिक हस्ताक्षर अभियान चलाइएको हो ।

हेटौंडा अस्पताल बचाउ तथा सुधार अभियानका संयोजक महतले हेटौंडा अस्पताल जोगाउन आफूहरु विगतका दिनदेखि नै अभियानमा लागेको बताए । हस्ताक्षर अभियानमा सबैको सहयोग र साथ मिलेको भन्दै उनले धन्यवाद समेत व्यक्त गरे ।

# स्थानीयको विरोधपछि रोकियो नागढुंगा सुरुङमार्गको काम



काठमाडौं, १९ फागुन/ धादिङको धुनिवेशी नगरपालिकाका स्थानीयले विरोध गरेपछि नागढुङ्गा सुरुङमार्गको काम रोकिएको छ । गत असोजको दोस्रो साता आएको बाढीको कारणले एक स्थानीयको घर चर्किएको थियो । सोही घरका धनीसहित अन्य स्थानीयले सोमबार सुरुङमार्ग निर्माणस्थलमै पुगेर काममा रोक लगाएका हुन् । उनीहरूले क्षतिपूर्ती माग पनि गरेका छन् ।

'स्थानीयको विरोधपछि आज बिहानैबाट काम रोकिएको छ । स्थानीयहरूले सुरुङमार्ग आयोजनाको कारण घर चर्किएको भन्दै क्षतिपूर्ती माग गरिरहेका छन्,' नागढुङ्गा सुरुङमार्ग आयोजनाका सिनियर डिभिजनल इन्जिनियर सञ्जय पन्थीले भने, 'यता ठेकेदार पक्ष जापानीज कम्पनी भने उक्त कुरा स्वीकार गरिरहेको छैन । हामीले विभागमा पनि जानकारी गराएका छौं तर काम अगाडि बढ्न सकेको छैन ।'

उनले विभागको तर्फबाट स्थानीयलाई छलफलमा बोलाए पनि विभागमा आउन मानेका छैनन् । बरु, उनीहरूले उल्टै घरमै आउन विभागका कर्मचारीलाई भनेका छन् । 'अवरोध भनेर ढुंगामुढा गरेका होइनन् तर काम अगाडि नबढाउन ठेकेदारका कर्मचारीलाई भनेपछि उनीहरूले काम रोकेका हुन्,' पन्थीले संचारकर्मीसँग भने । उनका अनुसार नागढुंगा सुरुङमार्ग आयोजनाको भौतिक प्रगति ८६ प्रतिशत बढी पुगेको छ । पन्थीका अनुसार अन्डरपास, बक्स कल्भर्ट र ओभरपास निर्माणको काम समेत सम्पन्न भइसकेको छ ।

आयोजना अन्तर्गत तीन वटा पुल बनिसकेका छन् । अब फ्लाईओभरको काम जारी छ । फ्लाईओभरको काम ९५ प्रतिशत निर्माण सम्पन्न भइसकेको आयोजनाले जनाएको छ । टनेलभित्र फिनिसिङको काम जारी छ । जसले गर्दा भौतिक प्रगति ८६ प्रतिशत हाराहारी देखिन्छ । त्यस्तै, मेन टनेलको ब्रेक थ्रु १५ अप्रिल २०२४ मा भएको थियो । उद्धार टनेलको ब्रेक थ्रु भने ७ अगस्ट २०२३ मा गरिएको थियो ।

यो आयोजनाको अध्ययन सन् २०१४ मा भएको थियो । ०१६ मा स्रोत सुनिश्चित भएपछि २०१७ मा डिजाइनको काम सुरु भएको थियो । जापानी ठेकेदार कम्पनी हाजमा-आन्दो जेभीले यस आयोजनामा काम गरिरहेको छ । यो कम्पनी कोटेश्वर-सूर्यविनायक खण्ड विस्तार तथा बीपी राजमार्ग निर्माणमा समेत सफल भएको थियो ।

नागढुंगा सुरुङमार्गको डिजाइन जापान सरकारको सहयोगमा भएको हो । करबाहेक साढे १३ अर्ब रुपैयाँमा यो आयोजनाको ठेक्का लागेको हो । सुरुङसम्म पहुँचमार्गका लागि गुर्जुधारा चोक र सुरुङको मुख नजिकै फ्लाईओभर बनाइएको छ । गुर्जुधाराको फ्लाईओभर ६ सय १० मिटर लामो छ । सुरुङमार्ग र पहुँचमार्ग समेत गरी कुल लागत भने २२ अर्ब रुपैयाँभन्दा माथि छ ।

*(स्रोत: अनलाइनखबर)*

# कर्जा नोक्सानी व्यवस्थामा राष्ट्र बैंकको नयाँ निर्देशन जारी

काठमाडौं, १९ फागुन/ नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाका लागि कर्जा नोक्सानीमा नयाँ व्यवस्था कायम गर्न एकीकृत निर्देशन जारी गरेको छ ।

राष्ट्र बैंकले 'क', 'ख' र 'ग' वर्गका बैंक तथा वित्तीय संस्थाका लागि एक वर्षभन्दा बढी ग्रेस अवधि भएका ऊर्जा लगायत पूर्वाधार निर्माणसँग सम्बन्धित परियोजनामा प्रवाहित असल कर्जाको ग्रेस अवधिसम्म प्रत्येक वर्ष समानुपातिक रूपमा कर्जा नोक्सानी व्यवस्था गरी अन्तिम वर्ष १ प्रतिशत सामान्य कर्जा नोक्सानी व्यवस्था कायम गर्न सकिने नयाँ निर्देशन जारी गरेको हो । यसअघि १.१० प्रतिशत कर्जा नोक्सानी व्यवस्था कायम गर्न सकिने थियो ।

राष्ट्र बैंकका अनुसार ४ वर्ष ग्रेस अवधि भएको कुनै कर्जाका लागि पहिलो वर्ष ०.२५ प्रतिशत, दोस्रो वर्ष ०.५०, तेस्रो वर्ष ०.७५ र चौथो वर्षदेखि १ प्रतिशत कर्जा नोक्सानी व्यवस्था कायम गर्न सकिने छ ।

यसअघि यसमा पहिलो वर्ष ०.२७ प्रतिशत, दोस्रो वर्ष ०.५५, तेस्रो वर्ष ०.८२५ र चौथो वर्षदेखि १.१० प्रतिशत कर्जा नोक्सानी व्यवस्था कायम गर्न सकिने थियो ।

त्यसैगरी रेशम, जुट, कपास लगायत कृषि खेती र व्यावसायिक रूपमा गरिने फलफूल खेतीका लागि प्रदान गरिने कर्जामा रहेको १.१० प्रतिशत कर्जा नोक्सानी व्यवस्थालाई १ प्रतिशतमा घटाइएको छ ।

त्यस्तै कुखुरापालन व्यवसायको कर्जा नोक्सानी व्यवस्थालाई १.१० प्रतिशतबाट १ प्रतिशत र साना तथा मझौला उद्योग-व्यवसायको २ करोडसम्मको कर्जालाई १.१ प्रतिशतबाट १ प्रतिशत कायम गर्नुपर्ने नयाँ संशोधन गरिएको केन्द्रीय बैंकले जनाएको छ ।

राष्ट्र बैंकले सवारीसाधन सम्बन्धी कर्जा प्रवाह गर्दा ऋण मूल्यको अनुपात अधिकतम ६० प्रतिशतसम्म कायम गर्नुपर्ने नयाँ व्यवस्था गरेको छ । यसमा सबै प्रयोजनका विद्युतीय सवारी र निजी प्रयोजनका व्यक्तिगत अन्य सवारीसाधन छन् ।

यसअघि सवारीसाधानको मूल्यको अधिकतम ५० प्रतिशत र व्यक्तिगत विद्युतीय सवारीसाधनका हकमा ८० प्रतिशत अनुपात कामय थियो ।


## माघ १७ गतेदेखि सञ्चालनमा

विर पुर्खा यातायात प्रा.लि.द्वारा संचालित ई.भि. हेटौंडा-फापरबारी हुँदै सिन्धुलीबाट चकमके तिन पाटनसम्म

| हेटौंडाबाट छुट्ने समय | सिन्धुलीबाट छुट्ने समय | चकमकेबाट छुट्ने |
|---|---|---|
| बिहान : ७:३० बजे | बिहान: ९:०० बजे | बिहान : ६:०० बजे |
| बिहान : १०:०० बजे | दिउँसो : २:३० बजे | विहान : ९:०० बजे |
| दिउँसो : १:३० बजे | दिउँसो : १२:१५ बजे | |

**नोट** :
- घरदैलो सेवा, सिजर्भको व्यवस्था ।
- नयाँ मोडलको गाडीहरु ।
- प्रति यात्रु ५ लाखको बिमा गरिएको छ ।
- दक्ष तथा अनुभवी चालकहरु ।



"नयाँ गाडिको आरामदायी मज्जा लिन कतै छुट्नु होला नि !"

काउन्टर लोकेशन: कान्तिराजपथ साझा बस लाग्ने स्थान सँगै
सम्पर्क नं.:९८५४०४२८८०, ०५७-५९१६५५, ९७६७४९०४४०
सिन्धुली सम्पर्क नं.: ९७६७४९३०३२



## सुत्केरीको स्वास्थ्यमा ध्यान पुऱ्याऔं

- गर्भावस्थामा कम्तिमा आठ पटक स्वास्थ्य जाँच गराऔं,
- स्वास्थ्य संस्थामा नै प्रसुति सेवा लिऔं,
- नियमित पोषिलो खानेकुरा खुवाऔं,
- बच्चा जन्मनेवित्तिकै बिगौती दूध खुवाऔं,
- छ महिनासम्म आमाको दुधमात्र खुवाऔं,
- बच्चा जन्मेपछि स्वास्थ्य संस्थामा गई स्वास्थ्य परीक्षण गराऔं,
- राष्ट्रिय खोप तालिकाअनुसार बालवालिकालाई सबै खोप लगाऔं



नेपाल सरकार
विज्ञापन बोर्ड


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सबिन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना